# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

श्रीकृष्णगण्डकी गा.वि.स.वडा नं.८ को आदिमुहानमा बसोवास गर्ने माझीहरु एकल र संयुक्त दुवै प्रकारको परिवार बसोबास गरेका पाइन्छन् । पम्परागत रुपमा माझी परिवार सयुक्त परिवार अस्थित्वमा रहे पनि अहिले आएर शिक्षा, रोजगारीका, भैतिक सुख सुबिधा, यातायात, संचारका कारण लोग्नेस्वास्नी र उनीहरुका अविवाहित छोराछोरी भएको एकलमा माझी समाजको आकर्षण बढेको देखिन्छ जसको कारणको रुपमा शिक्षा, रोगारिको अवसर र स्थानिय स्रोतसाधनका मात्र भरप्रर्नुप्रर्ने अवस्था नरही वजारको सुलभतालाई लिन सकिन्छ । पहिले पहिले लोग्ने, स्वास्नी, छोरा, बुहारी, नाति, नातीनी, भाई, बुहारी र उनीहरुका बालबच्चा सहितको सयुक्त परिवार बढी अभ्यासमा थियो । अहिले संयुक्त परिवार एकल परिवारको तुलनामा कम पाइन्छन् । माझी परिवार प्राचिन कालमा मातृसतात्मक भए पनि अहिले पुरुषको प्रमुख भुमिका हुने भएकाले पितृसत्तात्मक पारिवारिक संरचना छ । यस आदीमुहान क्षेत्रमा बसोबास गर्ने केही छोरा नहुने माझीले छोरीको लोग्ने (ज्वाइ) लाई आफ्नो घरमा ल्याएर घरज्वाई राख्छन् र छोराको आवश्यकता ज्वाईबाट पुरा गर्छन् । छोराछोरी दुवै नहुनेले नजिकको दाजुभाइका छोराछोरीलाई धर्म पुत्र धर्म पुत्री राख्ने गर्दछन् । (घर्तीमगर र माझी २०५८)

राज्यको मुल प्रवाहमा आउन नसकेको माझीहरु शिक्षा, स्वास्थ्य, राजनिति लगायत आर्थिक क्षेत्रमा पछाडि परेको पाइन्छ । (वस्याल, २०६८) । छुट्टै जनजातिय पहिचान राख्न सफल माझीहरुको आफ्नै भाषा, कला, धर्म, संस्कृति तथा आफ्नै इतिहास रहेको पाइन्छ । यसको साथसाथै गैरमाझी जातिहरुको नियमित सम्पर्कले गर्दा यिनिहरुको सामाजिक र साँस्कृति पक्ष माथि गैरमाझीहरुको संस्कृतिले अतिक्रमण गरेको पाइन्छ । जसले गर्दा यिनिहरुको जातिय पहिचानमा केही धक्का लागेको महसुस गर्न सकिन्छ । यस जातिका मानिसहरु तराई, भित्रीमधेश, पहाडका विभिन्न नदिनाला र खोलको छेउ किनारतिर आफ्नै परम्परागत माछा मार्ने पेशा अपनाई जीवन निर्वाह गरिरहेका छन् । माझी जातिहरु राज्य विकासको मुल प्रवाहमा समाहित हुन सकेका अवस्था छैन् । (भण्डारी २०६७)

माझी जातिको बसोबास क्षेत्र कोशी नदी तथा बिभिन्न खोलाको किनारको भुभाग हो । यिनिहरु एकै ठाउँमा झुरुप्प बस्न रुचाउछन् । माझी जातिका पुर्ख्यौली पेशा माछा मार्ने, ढुङ्गा चलाउने, मर्चा बनाउने, खेत गर्ने र पशुपालत गर्ने हो । माझीहरुले माछा मार्न प्रयोग गर्ने साधनहरुमा महाजाल, ठुलो जाल, अन्तरजाल, झरेलीजाल, चोकिजाल, थकोलीजाल, छोपीजाल, पहिजाल, फौसिजाल, छुटा, पासो, ढडीया, खुंगा, थिमी, घिमरि, खल्टी, झट्का, लोथा तथा छोल्याङ् पर्दछन् । त्यसै गरी दुवाली, कौडा, घरुवा, करी, सुर्ड, हाहुहल्ली, हुकी हाक्ने, चोखीखेल्ने, खेवा, सैरी आदि माछा मार्ने उपायहरु हुन् र मारेका माछाहरुलाई झुर्लुइ, जावी, गेदामा राख्छन् (माझी २०६२)

२०६८ को जनगणना अनुसार ६८ जिल्लामा माझी बसोबास भए पनि ४३ जिल्लामा माझीले मात्र माझी भाषा बोल्छन् र ती माझी भाषा बोल्नेको संख्या २१ हजार ८ सय ४१ देखाइएको छ । ७० प्रतिशत माझीहरुले आफ्नो भाषा बोल्दैनन् । नेपालको कुल जनसंख्याको ०.३२ प्रतिशत अथार्त ७२६१४ जससंख्या माझीको रहेको छ । जसमध्ये ३६ हजार ३ सय ६७ पुरुष र ३६ हजार २ सय ४० महिलाको जनसंख्या रहेको छ भने नेपालको ७५ जिल्ला मध्ये ६८ जिल्लामा ५ सय ८८ गा.वि.स. मा माझीको बसोबास रहेको देखिन्छ । (जनगणना २०६८)

नेपाली समाजले विभिन्न कालखण्डको पार गर्दै अगाडि बढ्ने क्रममा प्रजातन्त्रको स्थापना पछि समाजमा आधुनिकीकरण र पश्चिमीकरणले प्रभाव पार्दै आएको पाइन्छ (शर्मा, १९९१) । कालिगणकी हाईड्रोपावर निर्माणका कारण आदिमुहानमा वसोवास गर्ने माझी समुदायको खानपिन, लवाईखवाई, कला, संस्कृतीमा परिर्वतन वा परिमार्जन वा वरिवर्तन गरिएको पाईन्छ । जस्तो परमपरागत माछामार्ने साना जालको स्थानमा ठुला महाँजालको प्रयोग गर्ने गर्दछन भने आफ्ना परमपरागत माछा मार्ने पेशाको स्थानमा क्षेमता र दक्षताको आधारमा आफ्ना आवस्यकता परिपुर्ती गर्नको लागी नोकरी र ब्यापार ब्यावसाय पेसालाई अगालेका पाईन्छन्

बिकासका बिभिन्न आधारहरु हुने गर्दछन् चाहे सामाजीक सांस्कृतीक होस वा भौतीक संरचनागत बिकास होस । सबै बिकासका आधारहरु मध्य उर्जा शक्ती पनि एक हो । नेपालमा करिब ८३००० मेघा वाट विधुत उत्पादन गर्न सक्ने स्रोत हुदाहुदै पनि आर्थिक अवस्था, प्राविधिक जनशक्ति भौगोलिक कठिनाइका कारण हाल सम्म जम्मा ७६४ मे.घा

विद्युत उत्पादन गर्न सकेको छ । जुन सम्पूर्ण उत्पादन सम्भाव्यताको ०.९३२ प्रति प्रतिशत मात्र हो । (राजेन्द्र अधिकारी, २००४) आर्थिक स्रोत र साधनका कारण प्राकृतिक स्रोत पनि उपभोग उचित मात्रामा हुन सकेको छैन तर वर्तमान अवस्थामा देशका धेरै स्थानमा हाइड्रोपावर निर्माण भईरहेका छन् । कालिगण्डकी हाइड्रोपावर नेपालको हाल सम्मको संचालित बिद्युत आयोजना मध्य सबैभन्दा ठुलो १४४ मे.घा क्षमताको जलविद्युत आयोजना हो । यसको निर्माणको लागि आधिखोला र कालिगण्डकीको दोभानबाट केही मिटर अगाडि अत्याधुनिक बाधको निर्माण गरी जलासय निर्माण गरेको छ । निर्मित जलासयबाट सात किलो मिटर लामो सुरुङको सहायताले पानीको प्रवाहा गरी जगत्रादेवी गा.वि.स. मा लगी विद्युत उत्पादन गरिएको छ । (Thanju R.P. 2007)

कालीगण्डकी हाइड्रोपावर निर्माणका क्रममा श्रीकृष्णगण्डकी गा.वि.स. र जगत्रादेवी गा.वि.स. का मानिसहरु प्रभावित भएका थिए । प्रभावित परिवारलाई कालिगण्डकी परियोजनाले SPAFS र PAFS गरि दुई भागमा विभाजन गरेको थियो । SPAFS भन्नाले पुर्ण रुपमा भूमि र घरबारबाट स्वामित्व गुमाएका परिवारहरुलाई राखिएको थियो भने PAFS भन्नाले आंमसीक रुपमा प्रभावित परिवारलाई लिएको थियो । कालीगण्डकी हाइड्रोपावर निर्माणका क्रममा यस क्षेत्रमा ८० प्रतिशत माझीहरु पुर्णरुपमा र २० प्रतिशत माझीहरु आंमसिक रुपमा प्रभावित भएका थिए । (Thanju R.P. 2007) पुर्ण रुपमा प्रभावित १८ परिवार माझीहरुलाई आयोजनाले बासस्थान र घरको व्यवस्था गरेको थियो । जसले गर्दा उनिहरुको परमपरगत रुपमा बनाईने साना र गुजमुज्ज परेका घर निमार्ण गरी बस्ने संस्कृतीमा परिवर्तन आएको छ ।

### १.२ समस्याको कथन

कालिगण्डकी हाइड्रोपावर निर्माण प्रारम्भ सन् १९९७ भई सन् २००२ मा विद्युत उत्पादन सुरु भएको थियो । यो परियोजना निर्माण हुँदा श्रीकृष्णगण्डकी गा.वि.स र जगत्रादेवी गा.वि.स. का मानिसहरु आंमसीक र पुर्ण रुपमा प्रभावित भएका थिए । यसमा पूर्णरुपले प्रभावित हुने जातिहरु मध्ये श्रीकृष्णगण्डकी गा.वि.स. वडा नं. ८ आदिमुहान क्षेत्रमा बसोबास गर्ने २३ घर परिवार माझी पनि हुन् । आयोजनाले गर्दा आदिमुहान देखी वुटवल र पोखरा सहर जोडने बाटोको निर्माण हुँदा यस क्षेत्रका माझीहरुको गैरमाझीहरु संगको सम्बन्ध वृद्धि भएको थियो । आयोजनामा काम गर्न विभिन्न क्षेत्रबाट आएका

गौरमाझी (ब्रह्मण, क्षेत्री) हरुको संप्रगका कारण माझि समुदायमा परसंस्कृतीकरण आएको देखिन्छ ।

नेपाल विभिन्न जातजाति भाषा, संस्कृतिको संगम स्थल हो । यही विविधताकै कारण यो देश विश्वमा चिनिएको छ । मेची देखि महाकाली, तराई देखि हिमाल सम्म फैलिएको नेपाली समाजमा धरातलिय तथा वातावरणीय अवस्था अनुसार फरक-फरक जातजातिहरु बसोबास गर्दछन् । माझि पनि आफ्नै छुट्टै पहिचान भएको एक जाति हो । नदिको किनारामा बस्ने, माछा मारेर जिविकोपार्जन गर्ने जाति हो । माझीहरुको पहिचान नै माछा मार्नु हो तर आदिमुहानमा बसोबास गर्ने माझीहरुको पुर्खौली पहिचान हाइड्रोपावर निर्माण सँगै परिवर्तन भइरहेको छ । उनिहरु आफ्नो पुर्खौलि पेशा र संस्कृति छोडेर नयाँ पेशा र संस्कृति अगाली रहेका पाइन्छन् ।

आदिवासी जनजाति उथान गर्नका लागि विभिन्न नियम कानुनहरुको निर्माण भएका छन् । आदिवासी जनजाति उथान राष्ट्रिय प्रतिष्ठान ऐन २०६४, राष्ट्रिय मानव अधिकार कार्ययोजना २०६१, वातावरणीय ऐन २०५३ र वन ऐन २०४९ ले जोखिममा परेका समुहको संरक्षण र संर्वद्धन गर्नुका साथै आदिवासी समुहको प्राचिन ज्ञान र साँस्कृतिक सम्पदालाई जोगाउन र प्रवर्द्धन गर्न विशेष जोड दिइएको पाइन्छ । यसैलाई मध्यनजर गरी आयोजनाले माझिहरुको पुर्खौली पेशालाई संरक्षण गर्नको लागि वर्षेनी लाखौं माछाका भुराहरुको विकास गरि आदिखोला र कालीगण्डकीमा छोड्ने गर्दछन् । यसरी छोडिए पनि माझीहरुको माछा मार्ने पेशामा परिवर्तन आएकै देखिन्छ ।

आदिवासी समुदायको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणा पत्रलाई सन् २००७ को संयुक्त राष्ट्र संघको साधारण सभाले अनुमोदन गरेको थियो । नेपालले आइ.एल.ओ. कन्भेन्सनको १६९ लाई २०६४ भाद्र २८ मा अनुमोदन गरेको छ । उक्त कन्भेन्सनको धारा १ ले जनजाति र आदिवासी समुदायको परिभाषा गरेको छ । धारा १५ ले ती आदिवासी जनजातिले सम्भव भएसम्म प्राकृतिक स्रोतको उपयोगमा सहभागी भएर लाभ लिने छन् र प्रकृतिको स्रोतको उपयोग गर्ने क्रममा यी आदिवासी जनजातिलाई कुनै नोक्सानी भएमा उचित क्षतिपुर्ति पाउनेछन् । धारा १६ (२) का अनुसार यदि यिनिहरुको स्थानान्तरण गर्दा उनिहरुको स्वतन्त्रता र सु-सुचित भई दिएको सहमतिमा मात्र गरिने छ ।

(धारा १६ घ) यसरी स्थानान्तरण गरेको आधार वा कारण त्यस उप्रान्त नरहेमा उनिहरुलाई आफ्नै भुमिमा फर्कन पाउने अधिकार हुनेछ ।

नेपाल विकास उन्मुख राष्ट्रको । यहाँ विभिन्न किसिमका ठुलासाना विकास आयोजना निर्माण भईरहेका छन् । यस्ता विकास आयोजनाहरु मध्ये कालिगण्डकी हाइड्रोपावर एक हो । यो आयोजनाको निर्माणका लागि आदिमुहानमा बस्ने माझी समुदायको सामाजिक साँस्कृतिक र आर्थिक पेशामा कस्तो प्रकारको प्रभाव पारेको छ ? त्यस्तो प्रभाव सबै माझी समुदायमा समान रुपमा परेको छ वा छैन ? प्रभावले माझी समुदायको पेशमा परिवर्तन आएको छ ? छ भने कुनकुन कुरामा परिवर्तन आएको छ , भन्ने उद्देश्यले कालिगण्डकी हाइड्रोपावर निर्माण र माझी समाजलाई एक साथ राखी यिनिहरु बिचको सम्बन्धलाई अध्ययन गरिएको छ ।

आदिमुहानमा बसोबास गर्ने प्रभावित माझि परिवारहरुको वासस्थान परिवर्तन गरे सँगै उनिहरुको साँस्कृतिक परिवर्तनको सुरुवात भएको पाइन्छ । विकासले जुनसुकै समुदायलाई पनि प्रभावित पार्ने कुरा शम्भु प्रसाद कट्टेलद्वारा लेखित लेखबाट तुम्लिन्टार क्षेत्रमा बसोबास गर्ने कुमाल जातिको माटाका भाडा बनाउने पेशामा बिमानस्थल निर्माण बाट आएको परिवर्तनले पनि पुष्टी गर्ने गर्दछ ।

यसैगरी हेर्ने हो भने कालिगण्डकी हाइड्रोपावर योजनाले माझी समुदायमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । माझीहरुको पुर्खौली पेशा सामाजिक साँस्कृतिक पक्षहरुमा परिवर्तन ल्याएको पाइन्छ । यस अध्ययनमा आदिमुहानमा बस्ने माझीहरुमा आयको परिवर्तनलाई  अध्ययनको विषयको रुपमा लिइएको छ । हाइड्रोपावर निर्माण पछि माझी समुदायमा आएका सामाजिक साँस्कृतिक पेशागत परिवर्तनको अवस्था पत्ता लगाउने उद्देश्यले यस अध्ययनमा निम्न लिखित प्रश्नहरुको उत्तर खोज्ने प्रयत्न गरिएको छ ।

१) अध्ययन क्षेत्रका माझी समुदायको सामाजिक साँस्कृतिक र पेशागत परिवर्तन आएको छ?

२) माझी समुदायमा परिवर्तन आउनुको कारण कालिगण्डकी हाइड्रोपावर निर्माण हो ?

३) सबै माझी समुदायमा समान खालको परिवर्तन आएको छ ?

४) परिवर्तनको स्तर सम्पुर्ण माझी परिवारमा समान किसिमको छ ?

५) कुन स्तरका माझी परिवारको सामाजीक सास्कृतीक परिवर्तनको स्तर बढी वा कम छ ? किन ?

## १.३ अध्ययनको उद्देश्य

कालीगण्डकी हाइड्रोपावर निर्माणका कारण श्रीकृष्णगण्डकी गा.वि.स.को आदिमुहानमा बसोबास गर्ने माझी समुदायमा सामाजिक, आर्थिक र साँस्कृतिक परिवर्तन आएको देखिन्छ । यसै माझी समुदायमा आएको परिवर्तलाई अध्ययनको केन्द्रबिन्दु बनाई उद्देश्यहरुको निर्धारण गरिएका छन् जुन निम्न प्रकारका छन् ।

१) माझी समुदायको आर्थिक विकास र पेशामा आएको परिवर्तनको कारण पत्ता लगाउनु ।

२) हाइड्रोपावर निर्माणबाट माझी समुदायको वासस्थान र साँस्कृतिक पारेको प्रभावको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व एंव सान्दर्भिकता

नेपाल विकासउन्मुख देश हो । यहाँ विभिन्न प्रकारका ठुला तथा साना विकास योजना (बाटो, पुल, जलविद्युत, सिचाइ, उद्योग) निर्माण भइरहेका छन् । यसरि विकास भईरहेका योजनाहरुले मानव आवश्यकताको परिपुर्ति गर्ने गर्दछन् । यस्तै विकासको क्रममा कालिगण्डकी हाइड्रोपावर योजनाको निर्माण भएको हो । यसले श्रीकृष्णगण्डकी र जगत्रादेवी गा.वि.स.मा बसोबास गर्ने मानिसहरुलाई आंमसिक वा पूर्ण रुपमा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । यसरी प्रत्यक्ष रुपमा प्रभावित भएका मानिसहरु मध्ये आदिमुहानमा बसोबास गर्ने माझी समुदाय पनि एक हुन् । जो यस अध्ययनको विषयवस्तु हुन् । अप्रत्यक्ष रुपमा कालिगण्डकी हाइड्रोपावर योजनाले धेरै क्षेत्रमा प्रभाव पारेतापनि सबै बिषयहरुलाई अध्ययनको विषय बनाईको छैन ।

विकासका कारण मानव समुदायमा पार्ने प्रभावका बारेमा यस अध्ययनले व्याख्या र विशलेषण गरेको छ । यस अध्ययनमा कालिगण्डकी परियोजनाले माझी समुदायमा पारेको प्रभावका बारेमा मात्र अध्ययन गरिएता पनि यसले विकासबाट कसरी परिवर्तन हुन्छ र

कस्ता व्यक्तिहरु बढी प्रभावित हुन्छन् भन्ने मान्यताको विकास गर्न सकिनेछ । कुनै पनि अध्ययनको महत्व र सान्द्रभिकता आ-आफ्नै किसिमको हुन्छ । यस अध्ययनको महत्व तथा सार्न्दभिकता यस प्रकार छन् ।

१) हाइड्रोपावर निर्माणको कारणले माझी समुदायमा आएको पेशागत परिवर्तन र पेशागत प्रभावका बारेमा जानकारी प्राप्त गर्न सकिने छ ।

२) हाइड्रोपावर निर्माणको कारण माझी समुदायको जग्गा अतिक्रमण र वास्थानको स्तन्त्रणले सामाजिक रहन सहन र खानपिनमा परेको प्रभावको बारेमा जानकारी प्राप्त गर्न सकिने छ ।

३) ठुला विकास योजनाहरुले समाजलाई कसरी परिवर्तन गर्दछ भनेर जान्न चाहानेहरुलाई यसबाट महत्वपूर्ण जानकारी प्राप्त हुनेछ ।


४) कालिगण्डकी हाइड्रोपावर निर्माणबाट प्रभावित माझी समुदायले प्राप्त गरेका सहयोग र काम सम्बन्धमा जानकारी प्राप्त गर्न सक्नेछन् ।

५) यस अध्ययनको केन्द्रबिन्दु कालीगण्डकी हाइड्रोपावर निर्माणबाट प्रभावित माझी समुदायको समाजशास्त्रीय दृष्टिकोण बाट अध्ययन गरिएता पनि अन्यविकास योजनाको लागि सन्दर्भ सामाग्री रहन सक्नेछ ।

## १.५ अवधारणात्मक ढाँचा

हरेक अध्ययन अनुसन्धानमा आ-आफ्नै खालका अवधाराणात्मक ढाँचाको निर्माण गरिएका हुन्छन् । यो अनुसन्धान विशेषगरी आदिमुहानमा बसोबास गर्ने कालिगण्डकी हाइड्रोपावर निर्माणबाट प्रभावित माझी समुदायमा आएको परिवर्तनको बारेमा केन्दित रहेको छ । यो अनुसन्धानमा माझी जातिको छुट्टै पहिचान बनाउन सहयोग पुऱ्याएका परम्परागत पेशाहरु र हाइड्रोपावर निर्माण पछि आएको परिवर्तनलाई चित्र नं. १ मा प्रस्तुत गरिएको छ ।

चित्र नं. १




चित्र नं. १ मा उल्लेखित अवधारणात्मक ढाँचाले माझी जातिको पहिचान सम्बन्धि पेशाहरुमा आएको परिवर्तनलाई छर्लङ्ग पारेको छ । जहाँ परम्परागत पेशा माछा मार्ने, डुङ्गा चलाउने, पशुपालन गर्नेमा हाइड्रोपावर निर्माणका कारण परिवर्तन आई नोकरी, वैदेशिक रोजगार, स्टिम व्यवसाय, होटल व्यवसाय, किराना व्यापारमा परिवर्तन भएको देखिन्छ । यि परम्परागत पेशामा परिवर्तन गर्नुमा सँगैसँगै यातायात सुविधाको विकास विभिन्न अवसरहरुको प्राप्तिले महत्वपूर्ण भुमिका खेलेको पाइन्छ ।

## १.६ अध्ययनको संगठन

यस हाईड्रोपावरको निमार्णले माझी समुदायमा पारेको प्रभाव एक समाजशास्त्रिय अध्ययन शीर्षकको सोधपत्रलाई सात अध्यायमा बिभाजन गरिएको छ । प्रर्थम अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अवधारणगत ढाँचा र अध्ययनको संगठन सम्बन्धको चर्चा गरिएको छ । दोस्रो अध्यायमा पुर्व साहित्यको समिक्षा गरिएको छ । पुर्व साहित्यको समिक्षामा माझी जाति, उद्बिकास, बिकास र सामाजिक परिवर्तन सम्बन्धि अध्ययन गरिएका लेख रचनाहरुको समिक्षा गरिएको छ । तेस्रो

अध्यायमा अध्ययन बिधि सम्वन्धमा प्रकास पारिएको छ जसमा अध्यन क्षेत्र छनौटको औचित्य, तथ्याङ्कको स्रोत एवम प्रकृती, अनुसन्धानको ढाँचा, अध्ययनको समग्रता, तथ्याङ्क संकलन बिधि (प्रश्नावली विधि, अन्तरवार्ता विधि, अवलोकन विधि) तथ्याङ्कको व्याख्या र विश्लेषण तथा अध्ययनको सीमा को बारेमा जानकारि गराईएको छ । अध्याय चारमा माझी जातिको पेशाको र ब्यापार ब्यवसायको बारेमा उलेख गरिएको छ जसमा माझी समुदायले आफ्नो जीबिकोपार्ज गर्नका लागी के कस्ता आर्थिक क्रियाकलाप गर्ने गर्दछन् भन्ने वारेका जानकारि गराईएको छ ।

अध्याय पाँचमा माझीहरुको अहिलेको आर्थिक अवस्था र जलबिद्युत परियोजना निर्माण पुर्वको अवस्थाको वारेमा तुलनात्मक ब्याख्या गरिएको छ । अध्याय छ मा माझी जातिको सामाजिक तथा सास्कृतिक अवस्थको वारेमा ब्याख्या गरिएको छ । यस अध्यायको उपशीषृकको रुपमा माझी जातिको उमेरका आधारमा पारिवारिक स्थिति, पारिवारिक स्वरुप, घरमुली, माझी जातीको शैक्षिक अवस्था, शैक्षिक स्तरको आधारमा माझी जनसंख्याको वर्गिकरण, माझी समुदायको स्वास्थ्य अवस्था आदिमा बिभाजन गरि बिश्लेषण गरिएको छ ।

यस अध्ययनको सातैं अर्थात अन्तिम अध्यायमा सम्पुर्ण अध्ययनको बिषय बस्तुको सारांश र निस्कर्षलाई प्रस्तुत गरिएको छ । साथै यस सोधपत्रको अन्तीममा सन्दर्भ सामाग्री सुची, प्रश्नावली नमुना र अन्तरबार्तामा सोधिएका प्रश्नहरु समावेश गरिएको छ ।

# अध्याय दुई

# पूर्व साहित्यको समीक्षा

यस अध्ययन उद्‌विकासको सैद्धान्तिक ढाँचामा रहि माझी समुदायको सामाजिक साँस्कृतिक र पेशाको परिवर्तनमा आधारित हुनेछ । यस अध्ययनमा उद्रविकास सम्बन्धी सिद्धान्तकार अगष्ट कोम्ट, एल एच मोर्गान र कार्ल मार्क्सका भनाई, अध्ययन अनुभव, माझी समुदायको अध्ययन अनुसन्धान गरिएका पुस्तक लेख रचना र सामाजिक विकास र परिवर्तन सम्बधित लेख रचनाहरु मेरो अध्ययनको पुनरावलोन हुन् ।

## २.१ माझी जाति सम्बन्धी अध्ययन

माझी जाति नेपालमा भारतको सिन्धु प्रदेशबाट आएका हुन् । माझी शब्द संस्कृतको मज्जक शब्दबाट अपभ्रंश भई मध्म हुदैं माझी भएको हुन सक्छ । संस्कृतमा मज्जाक शब्दको अर्का प्रशोधन गर्नु भन्ने हुन्छ । यसको अर्थमा माझी जातिहरु नदीको बालुवा चालेर, सुन निकाल्ने र प्रशोधन गर्ने भएकोले माझी भनियो । (जनकलाल शर्मा, २०३९)

माझी जाति युगौयुग पहिले देखिनै नदि किनारमा बसोबास गर्दै आएका छन् । नदि भन्नाले सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती, रामेछाप र दोलखा जिल्लाको तामा कोशी, ओखलढुङ्गा जिल्लाको लिखु, खोटाङ र संखुवासभा जिल्लाको तमारे सिन्धुपालचोक जिल्लाको वाजिङ गाउँ देखि काभ्रे सिन्धुली, रामेछाप ओखलढुङ्गो, खोटाङ, भोजपुर, धनकुटा स्याञ्जा उदयपुर र सुनसरी जिल्लाको मधुवन सम्म । सुनकोशी र सातकोशी वरिपरि, वागमतिको आसपास, मकवानपुर काभ्रे विद्युतिको मरिन खोला, कमलामाइ उदयपुरको निपुशा नदीको आसपासमा माझी जातिको पुरानो बसोबास भएको पाइन्छ । माझी जातिको परम्परागत ज्ञान सिप पेशाको रुपमा माछा मार्ने, ढुङ्गा चलाउने, मर्चा बनाउने, खेतीपाती परम्परागत पेशा संकटमा परेको छ । भौतिक संरचना र आधुनिक प्रविधिका कारण उनिहरुको पेशा संकटमा पर्न आएको छ । जसका कारण माझीहरु अन्य वैकल्पिक पेशाहरु सामान्य व्यापार व्यवसायदेखि ज्याला मजदुरी सम्मसंलग्न पाइन्छन् । (माझी २०६२ )

श्रीकृष्णगण्डकी गाउँ विकास समितिमा बस्ने माझी समुदायहरु ब्रामहण क्षेत्री जाति भन्दा शैक्षिक, आर्थिक, राजनैतिक अवस्था कमजोर रहेको छ । (श्रीकृष्ण गण्डकी गा.वि.स. वस्तुस्थिति विवरण २०६९)

डोर बहादुर विष्ट (१९७३) ले सबै जातको फुलवारी नामक कृर्तिमा माझी नेपालमा आधिकाल देखिका वासिन्दा हुन र पहाडमा माझी भनिने जातिलाई नै तराई र भित्रि मधेशमा वोटे र चितवनमा मुसहर भन्ने चलन छ भन्ने कुरा उल्लेख गरेका छन् । माझी जातिकाका बारेमा पुर्वउपलब्ध साहित्यका आधारमा भन्नुपर्दा नेपालमा माझी जातीको वारेमा ब्याख्या गर्ने पहिले मानवशास्त्री बिष्ट नै हो ।

माझी समुदायको पुर्खोली पेशामा ह्रास आउनुको कारण विभिन्न प्रकारका विकास निर्माणका ठुला योजना (विद्युत, पुल, सडक, सिचाई) निर्माण हुनु , नयाँ प्रविधिको विकास, प्राकृतिक स्रोत र साधनको अभाव र सम्पन्न व्यक्तिहरुबाट गरिने हस्तक्षेपको कारण हो । माझी समुदायहरुको पुर्खौली पेशामा माछा मार्ने, डुङ्गा चलाउने, जाल बुन्ने बाट पलाएन हुदैं ज्याला मजदुरी गर्ने, वैदेशिक रोजगारीमा जाने, इँटा बनाउने, गलैचा बुन्ने व्यवसाय गर्ने गरेका छन् तर शैक्षिक स्तर राम्रो नभएकाले सरकारी सेवामा पहुँच अत्याधिक न्युन रहेको छ । (पाखेल २०६९)

कालिगण्डकी किनारमा बसोबास गर्ने माझी समुदाय अति सिमान्तकृत समुदायमा सुचिकृत आदिवासी हुन् । उनिहरुको मुख्य पेशाका रुपमा माछा मार्ने, डुंगा खियाउने वालुवा चालेर सुन निकाल्ने, भरिया गर्ने र सामान्य पशुपालन रहेको छ । माझी समुदायका व्यक्तिहरुको भूमिमा पहुँच कम रहेकाले बधुवा मजदुरको रुपमा काम गर्दथ्य । सडक यातायातको अभावका कारणले माझीहरु भरियाको काममा संलग्न थिए । प्रति के.जी. एक रुपैयाका दरले एक गाउँबाट अर्को गाउँसम्म सामान ओसार पसार गर्ने गर्दथ्य । कालीगण्डकी परियोजनाका कारण स्थानिय स्तरमा रहेका केही माझी परिवारहरु घरवार विहिन भए भने केही परिवारहरु भुमिमा स्वामित्व विहिन बने । उनिहरुको प्राकृर्तिक रुपमा अगालि रहेका माछा मार्ने पेशामा पनि संकट पर्न गयो । यातायात विकास सँगसँगै भरिया पेशामा पनि प्रभाव पर्न गयो । कालिगडकी हाइड्रोपावर निर्माण सँगसँगै माझी परिवारमा शिक्षा, स्वास्थ्य, खानेपानीमा सकरात्मक परिवर्तन आएको देखिन्छ । रोडको विकासले गर्दा व्यापार व्यवसायमा सहजता र बुटवल, पोखरा लगाएतका व्यापारिक क्षेत्र सँगको व्यापारिक

सम्बन्ध विकास भएको पाइन्छ । आयोजनाको विकासले गर्दा माझी समुदायका केही माझीले आयोजनामा आफ्नो योग्यता अनुसारको रोजगारीका अबसर प्राप्त गरेका छन् । साथै स्थानीय माझीहरुले सुलभ विद्युत उपयोग गर्न पाएका छन् । योजनाको विकास सँगसँगै विभिन्न सामाजिक संघ संस्थाको पहुचमा बृद्धि भई शिक्षा, स्वास्थ्य, पोषणमा राम्रो सुधार भएको छ। (Chatri maya 2006)

## २.२ उद्विकास सम्बन्धी अध्ययन

एल.एच. मोर्गानले आफ्नो पुस्तक ancient society मा मानव समाजको विकास र परिवर्तन विभिन्न चरणहरु पारगरि भई रहेको हुन्छ भन्ने सबन्धमा ब्याख्या गरेका छन्। विकास वा परिवर्तन एकै पटक पुर्ण रुपमा हुदैन्। उनका अनुसार मानव समाजको विकास जङ्गली अवस्था, वर्वर अवस्था हुँदै सभ्य अवस्थामा पुग्दछ। मोर्गानले यि जंगली र वरवर अवस्थालाई पनि विभिन्न भागमा विभाजन गरेका छन् । जंगली अवस्थालाई निम्न जङ्गली, अवस्था, मध्यम जङ्गली अवस्था, उच्च जङ्गली अवस्था गरेर बिभाजन गरेका छन् । त्यसै गरि वरवर अवस्थालाई निम्न वरवर अवस्था, मध्यम वरवर अवस्था, उच्च वरवर अवस्था गरि बिभाजन गरेका छन् । उनले वर्णमालाको विकास सँगै सभ्यताको स्तर सुरु भएको हो भनेका छन् । मोर्गानले परिवारको उद्विकास सम्बन्धमा पहिला कुनै प्रकारको परिवार थिएनन्। मानिस छाडा थिए तर विस्तारै परिवर्तन भएर हालको अवस्थामा पुगेका हुन् । उनका अनुसार परिवारको विकास पनालुवा परिवार, युगल परिवार, पितृसत्तात्मक परिवार, एकल परिवार गरि भएको हो भने रहेको छ । जिविकोपार्जनसम्बन्धी विकासमा सम्बन्धमा उनले फलफुल र कन्दमुल माथि आश्रित, माछाद्वारा जिविकोपार्जन , खोरिया खेती प्रणालीबाट जीविकोपार्जन, मासु र दुध जिविकोपार्जन मासु र खेती कृषिबाट असिमित जीविकोपार्जन गरी विकास भएको हो भनेका छन्। (एल.एच. मोर्गान)

अगष्ट कोम्ट उद्विकासवादी समाजशास्त्री हुन् । उनका मानव समाजको विकास एकरेखिए उद्विकासबाट भएको हुन्छ भनेका छन् । उनका अनुसार समाजमा महत्वपूर्ण अवधारणाहरु सामाजिक स्थिरता र सामाजिक परिवर्तनशिलताले क्रमश जीवविज्ञान तथा सामाजिक वृद्धिलाई संकेत गर्दछ । सामाजिक स्थिरताले सामाजिक तथा साँस्कृतिक व्यवस्थाका इकाइहरु, परिवार, विवाह, नाता, धर्म, आदिको एकिकृत जटिल अवस्थालाई बुझाउँछ । कोम्टले यी इकाइहरु बिचमा प्रकार्यात्मक सम्बन्ध रहेको कुरामा जोड दिएका

छन् । सामाजिक स्थिरता हुनको लागि संरचनातम्क प्रकार्य भएको हुनुपर्दछ जब संरचनागत प्रकार्य खलबल हुन्छ वा असन्तुलन हुन्छ तब समाजमा परिवर्तन हुन्छ भनेका छन् ।

समाजको परिवर्तन उद्विकासबाट हुने गर्दछ र उद्विकासका अवस्थाहरु समाजमा आध्यात्मिक स्तर, पराभौतिक स्तर र वैज्ञानिक स्तर गरि ३ तह गरी विकास भईरहेका हुन्छन् । सामाजिक संरचनामा आएको परिवर्तन सँगै समाजको परिवर्तनको स्तर पनि बढ्दै जान्छ भन्ने मान्यता कोम्टेको रहेको छ । (भोजेन्द्र अर्याल २०६८)

विकास र परिवर्तनका सम्बन्धमा कार्ल मार्क्सले द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तलाई अगाडि सारेका छन् । उनका अनुसार कुनै पनि समाजको विकास र परिवर्तन हुनको द्वन्द्वको आवश्यकता पर्दछ । द्वन्द्व बिना सामाजिक परिवर्तन हुँदैन भनेका छन् । उनले परिवर्तन हुनको लागी पिडित पक्ष्य आफ्नो अधिकारको लागी संघर्ष गर्नु प्रदछ यसो नर्गदा समाजमा परिर्वन आउदैन र हुनेखाने ब्यक्तिहरु जहिले पनि गरिबलाई दवाएर रार्ख्ने गर्दछन् भनेका छन् । ऐतिहास काल देखि समाजमा विकास वा परिवर्तन  आदिम चरण, दास चरण, सामन्ती चरण, पुजीवादी चरण, साम्यवादी चरण गरी ५ तहमा समाजको परिवर्तनका हुने गर्दछ भनेका छन् । (भोजेन्द्र अर्याल २०६८)

### २.३ विकास र परिवर्तन सम्बन्धी अध्ययन

तुम्लिन्टारमा बिमानस्थल निर्माणसँगै त्यस क्षेत्रमा बसोबास गर्ने कुमाल जातिको परम्परागत पेशा र माटाको भाडा बनाउने संकटमा परेको कुरा शम्भु प्रसाद कट्टेलले उलेख गरेका छन् । तुम्लिनटारमा बसोवास गर्ने कुमालहरुको पुर्खैली पेशा माटाकाभाडा निर्माण गर्ने हो र उनिहरु माटाका भाडाहरु निर्माण र बिक्री गरि जीवन निर्भाह गर्ने गर्दथ्य तर पछि तुम्लिनटार ऐरपोटको निर्माणका कारण यस क्षेत्रमा यातयात को सुबिधाको बिकास संगै माटाका भाडाको ठाउँमा आकर्षक प्लाष्टिक र स्तिलका भाडाहरुले स्थान लिएको कुरा उलेख गरेको पाइन्छ । ऐयरपोर्ट निर्माण हुँदा कुमाल जातिहरु बढी प्रभावित भएका थिए । उनिहरुको जमिन अतिक्रमण गरिएको थियो भने उनिहरुको बसोबास पनि स्थानान्तरण भएको थियो तर कुमाल जातिले प्राप्त गरेको मुवाबजाको सही सदुपयोग गर्न  नसक्दा उनिहरुको स्थिति दैनिय भएको छ ।उनिहरुले प्राप्त गरेको मुवाबजा लाई उक्त स्थानका उच्च बर्गहरुले आफ्नो हातमा पारेर उपयोग गरेको कुरा उलेख गरिएको छ । कुमाल

जातीहरु परम्परागत पेशा संचालन गर्न नसकेका कारण अन्य पेशाहरुको खोजीमा अन्यत्र जानुपर्ने बाध्यता रहेका छ । (कट्टेल २००७)

सामाजिक विकासले स्थानिय जीवनको सामाजिक साँस्कृतिक प्रभाव कसरि पार्दछ भन्ने सम्बन्धमा १९७० को दसकमा पश्चिम नेपालमा भएको पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग र महेन्द्र राजमार्ग निर्माणले गर्दा पारेको प्रभावलाई हेर्न सकिन्छ । राजमार्गको निर्माणका कारण स्थानिय बजारमा उत्पान हुने हस्तकलाका सामानले भारतिय उत्पादन सँग प्रतिस्पर्दा गर्न नसक्दा पेशा र उत्पादननै बन्द भएको थियो । माटाका भाडाहरुको स्थान प्लाष्टिकका भाडाहरुले लिएको थियो । रोडको  बिस्तारका कारण व्यापारिक स्थलको परिवर्तन गर्दै परम्परागत भरिया प्रणालीको ठाउँमा आधुनिक यातायातका साधनले आएका थिए । जसले गर्दा सामान वसारप्रसार गर्ने खचरहरु हिमाली क्षेत्रमा विस्थापित भएका थिए । साना चिया पसलहरु ठुला होटलमा परिवर्तन भएका थिए । समाजमा हुने वाली, परिमा जस्ता प्रथाहरु परिवर्तन भएर नगद व्यापारको विकास भएको थियो । स्थानिय स्तरमा प्राप्त हुने कच्चा पदार्थको निर्यात र उद्योगमा उत्पादित विलासी सामानहरुको आयतमा वृद्धि भएको थियो । उत्पादनसिल जनशक्ति भारतको विभिन्न ठाउँमा काम गर्न जादा देशको उत्पादनमा ह्रास आएको थियो । (P. Bnaikic, J. Coson, D. Sddon, 1980)

नेपालमा प्रचुर मात्रामा विद्युत उत्पादन गर्ने क्षेमता रहेका कारणले देशका विभिन्न भागहरुमा हाइड्रोपावरको निर्माण भइरहेका छन् । हाइड्रोपावर निर्माणका कारण यातायातको विकास हुन्छ । यातायात विकास सँगै स्थानिय व्यक्तिहरुको अन्य समुदाय सँगको सम्बन्धमा बिस्तार हुनुका साथै विभिन्न अवसरहरु प्राप्त गर्ने गर्दछन् । सिप र क्षमता भएका व्यक्तिहरुले राम्रो अवसर प्राप्त गर्दछन् भने सिप नभएका व्यक्तिहरुले राम्रो अवसर प्राप्त गर्दैनन् र उनिहरुको आर्थिक स्थिती माथि उठ्न सक्दैन् । आयोजनाले धेरै जग्गा अतिक्रमण गर्ने  भएकाले व्यक्तिहरुको जग्गा माथिको स्वामित्व अन्त हुन्छ भने खाद्यान्न समस्याको श्रृजना हुने गर्दछ । समाजमा विभिन्न समुदायमा व्यक्तिहरुको आवतजावत हुने भएकाले स्थानिय व्यक्तिहरुको सामाजिक साँस्कृतिक स्वरुपमा पनि परिवर्तन आउने गर्दछ । (M. Cornhea 2004)

# अध्याय : तीन
# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

अध्ययन क्षेत्र स्याङ्जा जिल्लाको श्रीकृष्णगण्डकी गा.वि.स. का ९ वटा वडाहरु मध्ये यस अध्ययनमा वडा नं. ८ को आदीमुहान क्षेत्रलाई लिएको छ । कृष्णगण्डकी गा.वि.स. मा १६०५ घरधुरीहरुमा ब्राहमण, क्षेत्री, मगर, कामी, दमाई, माझी गरी करिब ६१ जातहरुका ९९३१ जना मानिसहरु बसोबास गर्ने गर्दछन् (गा.वि.स.प्रोफाईल २०६९) । यस आदीमुहान क्षेत्रको कालिगण्डकी नदिमा ड्यामको निमार्ण गरि जलासयको निर्माण गरिएको छ । उक्त जलासय बाट ६ कि.मी. को सुरुको साकेताले जगत्रादेवी गा.वि.स. मा पानी लगी १४४ मेघा वाड विद्युत निर्माण गरिएको छ । कालिगण्डकी हाइड्रोपावर निर्माणका कारण धेरै परिवारहरु प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभावित भएका छन् । माझी समुदाय नदिको किनारमा बसोबास गर्ने, माछा मारेर जिविकोपार्जन गर्ने जाति हो । यस आदिमुहान क्षेत्रको कालिगण्डकी किनारमा बसोबास गर्ने माझीहरु कालिगण्डकी हाइड्रोपावर परियोजना निर्माणबाट प्रत्यक्ष रुपमा बढि प्रभावित भएकाले उनिहरुको सामाजिक साँस्कृतिक र पेशामा परिवर्तन आएको छ वा छैन? आएको भए कुनकुन कुरामा आएको छ, परिवर्तन नआएको किन आएन भन्ने जिज्ञासा नै यो अध्ययन क्षेत्र छनोटको पहिलो कारण बनेको छ ।

हाम्रो देशका विभिन्न क्षेत्रमा ठुला ठुला जलविद्युत आयोजनाहरु निर्माण भईरहेका छन् । त्यस्ता आयोजनाहरुले धेरै मानिसहरु प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभावित पार्न सक्छन् । यस कालिगण्डकी हाइड्रोपावर निर्माणले आदिमुहान वासि माझी जातिमा पारेको प्रभावका आधारमा हाइड्रोपावर निर्माणाधिन अवस्थामा रहेका स्थानका बासिन्दामा पार्न सक्ने प्रभावको अनुमान लगाउन सकिने भएकाले यो क्षेत्र चयन गरिएको हो । आदिमुहान क्षेत्रमा २३ वटा घरधुरी माझी परिवार रहेका छन् भने २३ घरधुरीमा १०३ जना मानिसहरु बसोबास गर्ने गर्दछन् ।

## ३.२ तथ्याङ्कको स्रोत एवम प्रकृती

यो अध्ययनको तथ्याङ्क स्रोतका रुपमा प्राथमिक र द्धितीय दुई प्रकारका रहेका छन् । प्राथमिक स्रोतको रुपमा श्रीकृष्णगण्डकी गा.वि.स.मा गई सम्बधित ब्यक्तीहरुको अन्तरवार्ता,

स्थलगत अवलोकन सर्वेक्षण, प्रश्नावली, अनैपचारिक अन्तरक्रिया गरि लिइएका  छन् भने द्वितीय तथ्याङ्कहरुको रुपमा यस अध्ययनसँग सम्बन्धित प्रकासित लेख, रचना, शोधपत्र, प्रतिवेदन, श्रीकृष्ण गण्डकी गा.वि.स. प्रोफाईल, इन्टरनेट आदि बाट प्राप्त गरिएका छन् । प्रश्नावली बिधी बाट संकलन गरिएका तथ्याकरुप मात्रात्मक  र गुणात्मक दुवै प्रकारका रहेका छन् जसलाई आवस्यकता अनुसार ब्याख्या तथा बिष्लेशण गरिएको छ ।

### ३.३ अनुसन्धानको ढाँचा

यस अनुसन्धानमा आयोजनाको विकास हुनु पुर्व यस आदीमुहान क्षेत्रमा बसोबास गर्ने माझी समुदायको अवस्था र निर्माण पछिको अवस्थामा माझी समुदायमा आएको सामाजिक, आर्थिक र पेशमा पारेको प्रभावको बारेमा अध्ययन गरिने भएकाले ऐतिहासिक तुलनात्मक विधिको बढी प्रयोग गरीएको छ । यस अध्ययनमा माझी समुदायको सामाजिक, आर्थिक र पेशालाई प्रभाव पर्ने तत्वहरु बारेमा जानकारी प्राप्त गरिएको छ ।

### ३.४ अध्ययनको इकाई समग्रता र नमुना

कालिगण्डकी हाइड्रोपावर निर्माणका क्रममा प्रभावित र विस्थापित परिवारहरुमध्ये श्रीकृष्णगण्डकी गा.वि.स. वडा नं. ८ आदिमुहान बसोबास गर्ने सम्पूर्ण २३ घरपरिवारलाई जनगणना बिधिबाट उतरदाताको रुपमा समेटियको छ । यस अध्ययनको इकाईको रुपमा सम्पूर्ण आदिमहानमा वसोवास गर्ने माझी परिवारहरु रहेका छन ।

### ३.५ तथ्याङ्क संकलन विधि

यस अध्ययनको क्रममा निम्नलिखित विधि र प्रविधि प्रयोग गरि प्राथमिक स्रोतका रुपमा अध्ययन क्षेत्रमा गई उत्तरदाताहरुलाई प्रत्यक्ष भेटेर आवश्यक तथ्याङ्क विश्वसनिय रुपमा संकलन गरिएको छ ।

#### ३.५.१ अर्न्तवार्ता  विधि

तथ्याङ्क संकलनका क्रममा अर्न्तवार्ता सुचि निर्माण गरी श्रीकृष्ण गण्डकी गा.वि.स. वडा नं. ८ आदिमुहान क्षेत्रमा बस्ने सम्पूर्ण माझीहरुको घरधुरीमा उपस्थित भई उत्तरदातासँग भेट गरी उनिहरुको सामाजिक साँस्कृतिक र पेशागत परिवर्तन सम्बन्धी

जानकारी संकलन गरिएको छ । अर्न्तवार्ता सुचि द्धारा तथ्याक संकलन गर्दा घरमुली वा आधिकारीक उत्तर दिन सक्ने ब्यक्तिहरुबाट संकलन गरिएको छ । प्रश्नावलीमा पेशा, संस्कृती, रहनसहन, धर्म, संस्कार, उमेर, बैवाहिक अवस्था, शिक्षा, स्वास्थ्य आदि विषयहरुलाई प्रमुख रुपमा उठान गरियको छ ।

### ३.५.२ बिषेश ब्यक्ति संगको अर्न्तवार्ता

यस अध्ययनमा कालिगण्डकी हाइड्रोपावर निर्माणबाट माझी समुदायको सामाजिक साँस्कृतिक र पेशागत प्रभावको बारेमा अध्ययन गर्ने उद्देश्यले अर्न्तवार्ता अनौपचारिक रुपमा गरिएको छ । समय, परिस्थिति र अवस्था अनुसार निचित स्थान निर्धारण नगरी स्थानिय व्यक्ति, गा.वि.स. प्रतिनिधि, राजनितिक दलका प्रतिनिधि र माझी समुदायका बृद्ध, गन्यमान्य व्यक्तिहरुसँग प्रत्यक्ष भेट गरी माझी समुदायको बारेमा जानकारी प्राप्त गरिएको छ । खास गरी अर्न्तवार्तालाई हाइड्रोपावर निर्माण पुर्वको माझी समुदायको अवस्था बारेमा जानकारी प्राप्त गर्ने उद्देश्यले केन्द्रित गरिएको छ । यसरी बृद्धहरु वा गन्यमान्य मानिसहरुवाट प्राप्त जनाकारि र बर्तमानमा अर्न्तवार्ता सुचिका प्राप्त गरिएको सुचनालाई तुलनात्मक रुपमा ब्याख्या गरिएको छ ।

### ३.५.३ अवलोकन विधि

अनुसन्धानका क्रममा अवलोकन अध्ययनको एउटा महत्वपूर्ण विधि हो । अवलोकनबाट अनुसन्धानका विभिन्न लुप्त अवस्थामा रहेका तथ्यहरुको जानकारी प्राप्त गर्न सकिन्छ । अवलोकनबाट उत्तरदाताहरुले भन्न नचाहेका कुरा तथा अर्न्तवार्तामा संलग्न गर्न छुटेका सामाजिक साँस्कृतिक विषय वस्तुहरुको संकलन गर्न सकिने भएकाले यो विधिलाई प्राथमिक तथ्याङ्क सङ्कलनको प्रमुख स्रोतको रुपमा लिएको छ । समय अभावको कारणले सहभागी अवलोकन विधिको प्रयोग नगरी असहभागी अवलोकन विधिको प्रयोग गरि स्थानिय व्यक्तिहरुको सामाजिक, आर्थिक, पेशागत परिवर्तनलाई अवलोकन गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ । जसले अध्ययनलाई बढि मुर्त र व्यवहारिक बनाउन सहयोग गरेको छ ।

### ३.६ तथ्याङ्क प्रस्तुति एवम् विश्लेषण

अनुसन्धानका क्रममा प्राथमिक स्रोत र द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कहरुलाई गुण र विशेषताका आधारमा वर्गिकरण तालिकीकरण गरी विश्लेषण गरिएको छ। यसमा गुणात्मक प्रकृतिका तथ्याङ्कहरु भए त्यसलाई आवश्यकता अनुसार व्याख्या, विश्लेषण गरिएको छ भने सङ्ख्यात्मक प्रवृतिका तथ्याङ्कहरु भए त्यसलाई क्रमबद्ध रुपमा तालिकामा प्रस्तुत गरि प्रतिशतमा वर्णन गरिएको छ।

### ३.७ अध्ययनको सीमा

यस अध्यनको बिषयबस्तुको रुपमा कृष्णगण्डकी गा.वि.स. वडा नं. ८ आदिमुहानमा बसोवास गर्ने कालीगण्डकी हाईड्रोपावर परियोजना बाट प्रभावित २३ घरधुरी माझी परिवारहरुलाई लिईएको छ। यस अध्ययनमा कालिगण्डकी हाइड्रोपावर निर्माण भइसके पछिको अवस्था र पूर्वको अवस्थामा माझीहरुमा आएका सामाजिक साँस्कृतिक र पेशागत परिवर्तन केन्द्रित रहेको छ। यसले माझी समुदायको वर्तमान अवस्था परिवर्तन आउनुको कारण के के हुन ? कस्ता माझीहरु बढी प्रभावित भएका छन् ? सबै माझीहरुमा समान परिवर्तन आएको छ ? भन्ने कुरामा सम्बन्धित रहनेछ।

यो अध्ययन सिमित स्रोत साधनको प्रयोग गरि सानो क्षेत्रमा गरिएकाले श्रीकृष्णगण्डकीका गा.वि.स.का सबै क्षेत्र र सबै जातिहरुलाई समेट्न सकिएको छैन। यस अध्ययनमा श्रीकृष्णगण्डकी गा.वि.स. को वडा नं. ८ का सम्पूर्ण माझी जातीलाई मात्र समेटेको छ तर हाइड्रोपावर निर्माणबाट अन्य समुदायमा पारेको प्रभावलाई माझी समुदायमा परेको प्रभाव सँग तुलना गर्न पाएको भए झन प्रभावकारी हुने थियो जस्तो लाग्छ तर यसमा सिमित स्रोत र साधनका कारण यसो गर्न सकेको छैन। सहभागी अबलोकन बिधिको प्रयाग गर्न सकेको भए झन प्रभावकारि हुने थियो होला तर त्यसो हुनसकेको छैन। यस अध्ययनमा केवल अबलोकन, प्रश्नावली, अनैपचारिक अर्न्तवार्ता बिधिको प्रयोग गरियको छ। यो अध्ययन छोटो समयमा सिमित स्रोत साधनको प्रयोग गरि अध्ययन गरिएकाले नेपालको सबै क्षेत्रको प्रतिनिधित्व गर्न सक्ने छैन तर आधारको रुपमा लिन सकिने छ।

# अध्याय : चार

# माझी जातिको पेशागत अवस्था

## ४.१ आयश्रोतका लागी माझी समुदाय संलग्न

आयश्रोतलाई अर्कोरुपमा पेशा भन्न सकिन्छ । पेशा भन्नाले कुनै पनि व्यक्तिले आफ्नो जीवन सहज र सरल तरिकाले जीउनको लागि आफ्नो सिप र क्षमतालाई प्रयोग गरि आर्थिक आय आर्जन गर्ने कार्य हो । पेशाले आवश्यकताको परिपुर्ति गर्न सहयोग गर्दछ । माझी समुदायको पुर्खौली पेशा माछा मार्ने र सामान्य पशुपालन हो । उनिहरु नदिको किनारमा बसोबास गर्ने र हातेजाल, वल्छी, खोरा, तिर आदिको प्रयोग गरि माछा मार्ने गरेको पाइन्थ्यो  तर वर्तमान अवस्थामा विकासका निर्माण कार्यहरु जस्तै जलविद्युत आयोजना, पुल, सिचाई आयोजना आदी भएपछि माछाहरुको प्राकृतिक वहावमा कमी आएकाले माझी समुदायहरु आफ्नो आवश्यक्ता गास वास कपासको परिपुर्ति गर्न व्यापार व्यवसाय नोकरी ज्यालादारी जस्ता पेशा अगाल्दै पुर्खौली माछा मार्ने पेशालाई परिवर्तन गरीरहेका पाईन्छन् ।

आदिमुहानमा बसोबास गर्ने माझीहरु कालिगण्डकी हाईड्रोपावर निर्माण पुर्वको अवस्थामा सम्पूर्ण माझीहरु माछा मार्ने र संग सगै आधा जसो परिवारले पशुपालन गरेको पाइन्छ । आयोजनाको निर्माण अवधिमा माझीहरु आयोजनामा ज्यालादारी काम गर्दथे तर आयोजना निर्माण सम्पन्न भई सकेपछि सिमित व्यक्तिहरु बाहेक सबै माझीहरु ज्याला मजदुरी गर्ने स्थानको अभाव भएकाले बेरोजगार बस्नु पऱ्यो । यस्तो अवस्थामा माछा मारेर आफ्नो जिबिको पार्जन गर्न असहज अवस्था श्रृजना हुने भयो भन्ने उहाँहरुलाई लागे पछि आफ्नो क्षमता अनुसार विभिन्न पेशा अंगाल्दै अगाडी बढेको पाइन्छ । यस आदिमुहानमा बसोबास गर्ने १०३ माझीहरु मध्ये ४९.१ प्रतिशत कुनै न कुनै पेशामा संलग्न रहेका पाइन्छन् ।

**तालिका नं. १ माझी समुदायले अपनाएका पेशाहरु**

| क.सं. | पेशा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | व्यापार | ५ | ३ | ८ | १६.६६ |
| २. | नोकरी | ३ | ४ | ७ | १४.५८ |
| ३. | माछा मार्ने | १२ | ४ | १६ | ३३.३३ |
| ४. | बैदेशिक रोजगारी | - | ३ | ९ | १८.७५ |
| ५. | स्टिम | - | ४ | ४ | ८.३३ |
| ६. | ज्यालादारी | १ | ३ | ४ | ८.३३ |
| | जम्मा | २१ | २६ | ४८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका नं. १ को तथ्याङ्कका आधारमा यस आदिमुहान क्षेत्रमा बसोबास गर्ने २१ महिला, २६ पुरुष गरि जम्मा ४८ अर्थात् ४९.१ प्रतिशत पेशामा संलग्न रहेका देखिन्छ । व्यापार व्यवसाय अंगालेका ५ महिला ३ पुरुष गरी जम्मा ८ जना अर्थात १६.६६ प्रतिशत रहेका छन् भने नोकरी पेशा अपनाउने माझीहरुको ७ जना अर्थात १४.५५ प्रतिशत रहेका पाइन्छन् । माछा मार्ने माझीहरुको संख्या १६ जना रहेको छ जुन पेशामा संलग्न माझीको ३३.३३ प्रतिशत हो भने वैदेशिक रोजगारीमा ९ जना अर्थात १८.७५ प्रतिशत रहेका छन् । वैदेशिक रोजगारीमा महिलाको सहभागिता सुन्य रहेको छ यसो हुनुको कारण महिलाहरु घरमै बच्चाहरु सेहारेर बस्नु र महिला घर बाहिर गएर काम गर्नु हुन्न् भन्ने मान्यताले काम गरेको देखिन्छ । डुङ्गा व्यवसाय र ज्यालादारीमा काम गर्ने माझीहरु समान चार चार जना दुबै बरावर अर्थात क्रमस ८.३३ र ८.३३ प्रतिशत रहेका देखिन्छ । महिलाहरुको तुलनामा पुरुषहरु ८.३३ प्रतिशत बढी विभिन्न पेशामा संलग्न रहेको पाइयो । नोकरीको रुपमा यस क्षेत्रका माझीहरु कालीगण्डकी हाईड्रोपावर परियोजनाका कार्यलयमा कार्यलय सहयोगी र अन्य अप्राबिधिक कर्मचारीको रुपमा कार्य गरिरहेका छन् । ब्यापारको रुपमा किराना पसल र ब्यबसायको रुपमा होटल र डुङ्गां ब्यवसाय संचालन गरिरहेका छन् । डुङ्गां ब्यवसायको स्थापना कालिगण्डकी परियोजनाको निमाणका कारण स्थापना भएको हो । जब परियोजनाको निर्माण भयो कालिगण्डकीमा जलासयको निमाण हुनगयो जसले गर्दा पर्वत, बांगलुङ र गुल्मीको संगम स्थानमा रहेको हिन्दुहरुको पवित्र स्तल भगवान शिवजीको

प्रतिक सालीग्राम सम्म पुग्नको लागी जलयात्राको बिकास गर्न र सालिग्राम क्षेत्र वरिपरिका स्थानिय वासिन्दाहरुलाई आवश्यक सामाग्रीहरुको धुवानी गर्न सहजता भएको छ । जलबिधुत आयोजना निमाणले जलयात्राको बिकास गर्न महत्वपुर्न भुमिका खेल्नुका साथै स्थानिय माझि समुदायलाई रोजगारिको अवसर प्रदान गरेको छ ।

### ४.१.१ माझी जातिले अपनाएका व्यापार व्यवसायहरु

आदिमुहान क्षेत्रमा बसोबास गर्ने माझीहरु आर्थिक आर्जनको लागि होटल र किराना व्यापार व्यवसायमा संलग्न रहेका पाइन्छन् । आदिमुहान क्षेत्रमा बाध निर्माणका कारण जलासय निर्माण भए पछि उक्त जलासयमा डुङ्गां सवार गरी रमाईलो गर्ने उद्देश्यले आउने आन्तरिक र बाह्य पर्यटकहरुको वृद्धि भएसँगै यस क्षेत्रमा होटल व्यवसाय र किराना व्यापारमा राम्रो विकास भएको पाईयो । होटल व्यवसाय र किराना व्यवसायमा माझी समुदायका व्यक्तिहरुको सहभागिता तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ व्यवसायमा महिला र पुरुषको सहभागिता**

| क.सं. | व्यवसाय | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | होटल | १ | १ | २ | २५ |
| २. | किराना | ४ | २ | ६ | ७५ |
| | जम्मा | ५ | ३ | ८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं. २ का अनुसार होटल व्यवसायमा १ जना महिला र १ जना पुरुष गरी जम्मा २ जनाको सहभागिता रहेका छन् भने किराना व्यापारमा ४ महिला र २ पुरुष गरी जम्मा ६ जना अर्थात ७५ प्रतिशतको सहभागिता रहेको पाइन्छ । होटल व्यवसायमा किराना व्यापारको तुलनामा कम व्यक्तिको सहभागिता हुनुमा आर्थिक लगानी उच्च र होटल संचालन गर्न आवश्यक पर्ने दक्षेय जनशक्तिको अभावलाई लिएको पाइन्छ भने किराना व्यापारमा महिलाहरुको बढी सहभागिता हुनुमा किराना व्यवसाय संचालन गर्न सजिलो, कम पुजीमा संचालन गर्न सकिने, बालबच्चाको सहयोग पनि लिन सकिने तथा कुनै प्राविधिक ज्ञानको पनि आवश्यकता नपर्ने भएको देखिन्छ । यसलाई पुष्टी गर्न सुमित्रा माझीको भनाईलाई यसमा समावेश गरिएको छ ।

मेरो श्रीमान रोजगारीकोखोजिमा भारतमा जानु भएको छ । उहाँ भारतमा ज्याला मजदुरी गर्नुहुन्छ । उहाँ तीन चार महिनाको एक पटक आठ देखि दश हजार सम्म रुपैया पठाउनु हुन्छ । उहाँले पठाइएको पैसाले घर चलाउन सारै गारो भए पछि श्रीमानले पठाएको रुपैया र साथीहरु सँग मागेर २० हजारमा यो किराना पसल संचालन गरेकी हुँ । यसमा मेरो २ जना छोरा छोरीहरुले साझ बिहान वा फुर्सतको समयमा सहयोग गर्दछन् । अहिले सारै राम्रो छ । पसल संचालन गर्नु भन्दा पहिले खाली भएकाले दिन काट्न सारै गारो हुन्थ्यो । कहिलेकही माछा मार्न जान्थ्यौं माछा पनि खासै पाईदैन्न् र साथीहरुसँग गफ गरेर दिन बिताउन्थ्यौ । तर अहिले रमाईलो छ । म यो पेशामा खसी छु । अब श्रीमान आउनु भए पछि ब्यापार बिस्तार गरी दुवै जना मिलेर यो पसल चलाउने विचार गरेकी छु ।

### ४.१.२ माझीहरुको माछा मार्ने पेशामा सहभागिता

माझीहरुको परम्परागत पेशा नै माछा मार्ने हो । कालिगण्डकी हाइड्रोपावर निर्माण पुर्व कृष्णगण्डकी गा.वि.स. वडा नं. ८ मा बसोबास गर्ने सबै माझी परिवारले माछा मार्ने पेशा अंगालेको पाइन्छ । माछा मार्ने, माछा बिक्री वा सटही गरी प्राप्त रकम वा खाध्यनबाट आफ्नो जिवन संचालन गरेको पाइन्छ । आयोजनाको निर्माण पछि माछा मार्ने माझीहरुको संख्यामा कमि आएको छ । यसको कारणकोरुपमा जनचेतनाको विकास, यातायातमा पहुँच, बिभिन्न पेशामा तथा ब्यवसायमा संलग्नता र अवसर लाई लिन सकिन्छ । यसलाई पुष्टि गर्न ६७ वर्षिय कासिराम माझीको भनाई यस प्रकार रहेको छ ।

म १० वर्ष जतिको हुँदा हाम्रो परिवार यस स्थानमा चितवनबाट बसाई सरि आएका थियौ । त्यस समयमा यो सबै जंगल थियो । हाम्रा १०-१२ परिवारहरु मात्र बसोबास गर्थ्यौं । यो नदिमा माछा धेरै पाइन्थ्यो । हामी सबै माछा मार्ने, सुकाउने र बेच्ने गर्दथ्यौ । अहिलेको तुलनामा त्यो समयमा धेरै ठुला ठुला माछा पाईन्थ्यो । दिनभरी १५ देखी २० केजी जति माछा मार्थ्यौं । हामी माछालाई चामल, गहुँ, मकै, कोदो, भटमास जस्ता खाद्यसँग साट्थ्यौ भने कहिलेकाही पैशाले पनि बच्ने गर्थ्यौं । माछा मार्नका लागि सानो हाते जाल, दुवालो र वल्छीको प्रयोग गर्दथ्यो तर अहिले हाते जालको काम नै छैन । नदिमा पानीको सतह बढेकाले यसले कामै गर्दैन । त्यो समयमा अहिलेको जस्तो सुविधा थिएन । सुकाएका माछा बेच्न हामी २ दिनको पैदल यात्राबाट बुटवल पुग्थ्यौ र त्यहाबाट माछासँग साटेर र केही

पैसाले किनेर नुन, तेल, चामल मिठाई ल्याउथ्यौ । सबै केटाहरु हातमा जाल लिएर माछा मार्न जादा सारै रमाईलो हुन्थ्यौ । अहिले त केटाकेटीहरु पढ्न स्कुल जान्छन् । कोही अरु अरु काम गर्न जान्छन् । माछा मार्न त धेरै कम जान्छन् । हाम्रो समयमा सगै माछा मार्न जाने र साझ भाग बण्डा गरेर घरमा गीत गाउदै आउने गर्थ्यौ तर अहिले त्यसो छैन् सबै आ-आफ्नो काम मा बेस्थ छन् ।

यस आदिमुहानमा बसोबास गर्ने २३ घरधुरीमा १०३ मानिसहरु बसोबास गर्दछन् । जसमा ५३ जना महिला र ५० जना पुरुष रहेका छन् । महिलाहरु मध्ये १२ जना अर्थात २२.६४ प्रतिशत महिलाहरु माछा मार्ने गर्दछन् भन् ४ जना अर्थात पुरुषहरु मध्ये ८ प्रतिशत मात्र माछा मार्ने गर्दछन् । समग्रमा भन्नुपर्दा यस क्षेत्रमा बसोबास गर्ने माझीहरुमध्ये १६ जना अर्थात १५.५३ प्रतिशत माछा मार्ने पेशामा लागेको पाइन्छ । माछा मार्ने पेशामा १२ जना महिलाहरु र ४ जना पुरुषहरुको सहभागिता रहेका छन् । जुन यस क्षेत्रमा बसोबास गर्ने जनसंख्याको क्रमश ११.६५ महिला प्रतिशत र ३.८८ प्रतिशत पुरुष गरि जम्मा १५.५३ प्रतिशत हो । पुरुषको तुलना महिलाको सहभागिता बढी किन रहयो भन्ने सर्न्दभमा ३० वर्षिय कल्पना माझीको तर्क यस्तो छ ।

पुरुषहरुलाई काम पाउन सजिलो छ । उनिहरुलाई घरायसी कामको कुनै चिन्ता हुदैन । उनिहरु ज्यालादारी गर्ने, बिदेश जाने, स्टिम चलाउने, व्यापार गर्ने, नोकरी गर्ने गर्दछन् तर हामी महिलाहरुले घरको काम गर्नु पर्दछ । बाल बच्चा हेरविचार गर्नु पर्दछ । बच्चाहरुलाई स्कुल पठाउनु पर्दछ । कुनै ज्यालादारी काम गर्नको लागि बिहान ८ बजेबाट साझ ५ बजेसम्म समय दिनु पर्दछ । त्यस्तो गर्न हामी महिलाहरु भ्याउदैनउ । त्यसकारण आफ्नो फुसर्दका समयमा साथीहरु मिलेर माछा मार्न जान्छौं । धेरै माछा मरेपछि बजारमा रहेको माछा खरिद केन्द्रमा बिक्रि गर्दछौ । कम भएमा बाडफाडँ गरेर तरकारीको रुपमा प्रयोग गर्दछौं । पुरुषहरु हामी भन्दा सामाजिक रुपमा खुला छन् । उनिहरुले काम गर्न जता गएनी हुन्छ, जे गरेनी हुन्छ तर महिलालाई त्यस्तो छैन र समाजले पनि यसो गर्न छुट दिदैन । हामी समाजको बन्धनमा बाधिएका छैं । त्यसकारण हामी महिलाहरु बाह्य पेशामा संलगन रहेका देखिदैनऊ ।

**तालिका नं. ३ माछा मार्नुको उदेश्यहरु**

| क.सं. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आफ्नो प्रयोगको लागि | ६ | २६.०८ |
| २. | विक्रीको लागि | ८ | ३४.७८ |
| ३. | माछा नमार्ने | ९ | ३९.१३ |
| | जम्मा | २३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका नं. ३ अनुसार माछा मार्ने परिवार संख्या १४ अर्थात ७०.८६ प्रतिशत रहेको छ । माछा मार्ने माझी परिवार मध्य २६.०८ प्रतिशत परिवार आफ्नो प्रयोगको  लागि मार्ने गर्दछन् भने ३४.७८ प्रतिशत माछा विक्रीको लागि मार्ने गर्दछन् । आफ्नो प्रयोजनको लागि माछा मार्ने परिवारहरु कहिले कहिले मात्र माछा मार्ने गर्दछन् भने विक्रिको लागि माछा मार्ने व्यक्तिहरु दैनिक माछा मार्ने गर्दछन् । यस क्षेत्रमा बसोबास गर्ने २३ माझी परिवारमध्ये ९ अथात ३९.१३ प्रतिशत परिवारहरु माछा मार्दैनन् । उनिहरु माछा खरिद गरेर खाने गर्दछन् । माछा मार्ने पेशा नअंगाल्नुको कारण अन्य पेशामा संलग्न रहेकाले समय अभाव रहनु हो ।

**तालिका नं. ४ दैनिक माछा संकलन गर्ने परिणाम**

| क.सं. | माछाको परिणाम (के.जी.) | परिवार संख्या |
|---|---|---|
| १. | ०-१ सम्म | ४ |
| २. | १-२ सम्म | ५ |
| ३ | २-३ सम्म | ३ |
| ४. | ३-४ सम्म | २ |
| | जम्मा | १४ |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकानं. ४ का अनुसार १ के.जी. सम्म माछा संकलन गर्ने परिवार संख्या ४ रहेको छ भने १ के.जी. भन्दा माथि २ के.जी.सम्म माछा संकलन गर्ने परिवार

संख्या ५ रहेको छ । दुई के.जी. देखि ३ के.जी. सम्म माछा संकलन गर्ने परिवार संख्या ३ रहेको छ भने ३ के.जी देखि ४ के.जी. सम्म माछा संकलन गर्ने परिवार संख्या २ रहेका छन् । यसैगरी १४ घरपरिवारले औसत दैनिक २४ के.जी. माछा संकलन गर्ने गर्दछन् । उनिहरुले एक के.जी. को २५० दरले दैनिक औसत ६००० रुपैया दैनिक संकलन गर्ने गर्दछन् । यस सम्बन्धमा माछा व्यापारी सिता माझी सँगको कुराकानी यस प्रकारको छ ।

मैले माछा खरिद र विक्री गर्न थालेको ४ वर्ष जति भयो । म स्थानिय व्यक्तिहरुले कालिगण्डकी नदिबाट संकलित माछा प्रति के.जी. रु. २५० को दरमा खरिद गर्ने गर्दछु भने त्यसलाई २७५ का दरले विक्री गर्ने गर्दछु । माछा खरिद गर्न होटल व्यवसायी र स्थानिय व्यक्तिहरु नै आउने गर्दछन् । माछा मार्ने मानिसहरु बिरामी हुँदा वा गाउँमा भोजभतेर हुदा, पर्यटकहरु बढी आउने महिना (पुस, माघ, फागुन, चैत, बैसाख, जेठ) मा स्थानिय माछाको अपुग हुने गर्दछ । माछा बिक्री बाट यहाँका मानिसहरुले राम्रो आमदानी गरेका छन् तर बिभिन्न रोजगारिका अवसरका कारण माछामार्ने मानिसहरुको संख्यामा कमी आइरहेको छ ।

### ४.१.३ डुङ्गां व्यवसाय

मेसिनद्वारा चल्ने ठुलो खालको डुङ्गालाई स्थानिय भाशामा स्टिम भन्ने गर्दछन् । जसमा एकै साथ ५० जना ब्यक्ति सम्म सवार गर्न सकिन्छ । कालिगण्डकी हाईड्रोपावरका लागी आदीखोला र कालीगण्डकी नदीको संगम स्थानमा निमार्ण गरिएको बाधका कारण यस क्षेत्रमा निमाण भएको जलासयमा २०६८ साल देखि स्टिम ब्यावसाय संचालन गरियको देखिन्छ । स्टिमहरुको मुख्य कार्य आदिमुहानबाट सालिग्राम क्षेत्रसम्म सामान र मानिसहरुलाई ओसार पसार गर्नु हो । यस क्षेत्रमा १० वटा स्टिमहरु संचालनमा रहेका छन् । जसमध्ये एउटा स्टिममा मात्र माझी व्यक्तिको लगानी रहेको र अन्य स्टिमहरुमा गैर माझी समुदायको व्यक्तिहरुको लगानी रहेको पाइन्छ । स्टिममा काम गर्ने कर्मचारीको रुपमा २० जना पुरुषहरु रहेका छन् ती मध्ये ४ जना माझी समुदायका व्यक्तिहरुले रोजागारी प्राप्त गरेका छन् । यस क्षेत्रमा बसोवास गर्ने माझी व्यक्तिहरुले स्टिम संचालनमा लगानी किन गरेनन् भन्ने सम्बन्धमा स्थानिय स्टिम कर्मचारी गोबिन्द माझीको विचार यस्तो छ ।

| |
|---|
| हामी माझीहरुको पुर्खौली सम्पत्ति खासै थिएन । अहिले यो आयोजना निमाणका कारण माझी जातीहरुले आर्थिक बिकास गर्ने अबसर पाएका कारण मात्र आर्थिक अबस्था अली राम्रो भएको छ । स्टिम संचालनको लागी ७ देखि १० लाख सम्म रकम आवश्यक पर्दछ । त्यो रकम जुटाउने क्षमता यहाँका माझीहरुमा बिकास भएको छैन् । |

### ४.१.४ पशुपालन

कृष्णगण्डकी गा.वि.स. वडा नं. ८ र आदिमुहानमा बसोबास गर्ने माझी समुदायमा आयोजना निर्माण हुनुभन्दा पुर्वको अवस्था भन्दा वर्तमान अवस्थामा पशुपालनमा बृद्धि भएको पाइन्छ । आयोजना निर्माण पुर्व जम्मा ५ अर्थात २१.७३ प्रतिशत परिवारले पशुपालन गरेका थिए तर अहिले पशुपाल्ने परिवारको संख्या ७ परिवारले बढेर १२ अर्थात ५२.१७ प्रतिशत पुगेको छ । यस क्षेत्रका मानिसहरु बाखा, सुगुर, भैसी, गाई पाल्नेगर्दछन् । व्यवसायिक रुपमा नगरिएता पनि घरमा सामान्य रुपमा पालि रहेको पाइन्छन् । यस क्षेत्रमा बसोबास गर्ने १२ परिवारले ४ जातका ४८ वटा नावर पालेको पाईन्छ।

**तालिंका नं. ५ जनावरहरु पाल्ने परिवार**

| क्र.सं. | जनावर | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बाखा मात्र | २ | १६.६६ |
| २. | सुगुर मात्र | ४ | ३३.३३ |
| ३. | भैसि मात्र | २ | १६.६६ |
| ४. | गाई मात्र | १ | ८.६६ |
| ५. | सुगुर र बाखा | २ | १६.६६ |
| ६. | भैसि र बाखा | १ | ८.६६ |
| ७ | गाई, भैसी र सुगुर | १ | ८.६६ |
| | जम्मा | १२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं. ५ अनुसार आदिमुहान क्षेत्रमा पशुपालन गर्ने १२ परिवार मध्ये १६.६६ प्रतिशत परिवारहरुले बाखा मात्र पाल्ने गर्दछन् भने ३३.३३ प्रतिशत परिवारले सुगुर मात्र,

१६.६६ प्रतिशत परिवारले भैसी मात्र र १६.६६ प्रतिशत परिवारले गाई मात्र पालेको देखिन्छ । त्यसैगरी १६.६६ प्रतिशत परिवारले सुंगुर र बाखा पालेको पाइन्छ भने भैसी र बाखा पाल्ने ८.६६ प्रतिशत रहेको पाईन्छ । आदिमुहानमा पर्यटकीय क्षेत्रको रुपमा बिकास भएकाले स्थानिय बजारको मासु र दुधको अत्यधिक माग रहेकाले नै माझी समुदायमा पशुपालन प्रतिको मोह बढेको देखिन्छ ।

### ४.१.५ बैदेशिक रोजगार

यस क्षेत्रका माझीहरुको बैदेशिक रोजगारीका लागि जाने प्रमुख देशको रुपमा भारत रहेको छ । रोजगारिको लागि बिदेश जाने परम्पराको विकास आयोजनाको निर्माण सकिए पछि भएको देखिन्छ । कालिगण्डकी हाइड्रोपावर परियोजना निर्माणाधिन अवस्थामा यस क्षेत्रका माझीहरुले ज्याला मजदुरिको अवसर प्राप्त गरे तर निर्माण कार्य सकिए पछि धेरै कामदारहरु बेरोजगार बस्नु परेपछि कामको खोजीमा भारत रोजेको पाईन्छ । आदिमुहानमा बसोबास गर्ने ८ जना पुरुष माझीहरु कामको खोजीमा भारत गएका पाईन्छन् । उनिहरु अदक्ष्य जनशत्तीको रुपमा दैनिक ज्यालादारी गर्न जाने गर्दछन् । काम खोजिको सिलसिलामा एक जना माझी मलेसिया गएको देखिन्छन् । खुला सिमाना यातायतमा सरलता भएकाले माझीहरुको भारत नै बैदेशिक रोजगारको प्रमुख स्थल बन्न पुगेको देखिन्छ । बैदेशिक कामदारको रुपमा महिलाहरु बिदेश गएको देखिदैन् । यसो हुनुमा सानै उमेरमा विवाह गर्नु र बालबच्चाको हेरविचार गर्नुपर्ने कारणले गर्दा उनिहरु घरमै बस्ने र माछा मार्ने गरेको पाइन्छ ।

## अध्याय : पाँच

## माझी जातिको आर्थिक अवस्था

### ५.१ वार्षिक आर्थिक कारोवार र बचत

कुनै पनि व्यक्ति, समाज र देश विकास हुनको लागि आर्थिक वचतको महत्वपूर्ण भूमिका रहेको हुन्छ । आर्थिक वचत गर्न सकिएन भने दैनिक जीवन असहज हुने गर्दछ । आदिमुहानमा बसोबास गर्ने १०३ व्यक्तिहरु मध्ये ४९.५१ प्रतिशत मानिसहरु कुनै न कुनै पेशा अंगालेको पाइन्छ । बचत भन्नाले  नोकरी, व्यापार व्यवसाय ज्यालादारीबाट प्राप्त रकमबाट सम्पूर्ण खर्चहरु खान, लाउन, शिक्षा, स्वास्थ्य, उपचार गरि बाँकि रहेको रकमलाई बुझाउछ । आदीमुहानमा बसोवास गर्ने माझी जातीमा बचत गर्ने परमपराको बिकास कालीगण्डकी हाईड्रोपावरका निमाण कार्य प्रारम्भ भई रोजगारीको अवसर संग संगै भएको पाईन्छ । जब आदिमुहानमा जलविद्युत परियोगनाको निर्माण कायको प्रारम्भ भयो । त्यसै समय देखि त्यस क्षेत्रका मानिसहरु ज्याला मजदुरीको अवसर प्राप्त गरे । उनिहरुको परियोजना निमाणका क्रममा बिभिन क्षेत्र र वर्गका मानिसहरु संगको सहकार्यले माझी समुदायमा आर्थिक बचत गर्नु प्रर्दछ र बालबच्चाहरुलाई पढाउनु पर्दछ भन्ने मान्यताको बिकास भएको छ । यस क्षेत्रमा बसोबास गर्ने २३ माझी परिवारको वार्षिक आर्थिक कारोवार र वचत यस्तो रहेको छ ।

**तालिका नं. ६ वार्षिक आर्थिक कारोवार र वचत**

| क.सं. | रकम | कारोवार गर्ने परिवार संख्या | प्रतिशत | वचत गर्ने परिवार संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | रु. ५०००० सम्म | ३ | १३.०४ | ९ | ५२.९४ |
| २. | रु. १००००० सम्म | ६ | ३०.४३ | ६ | ३५.२९ |
| ३. | रु. १५०००० सम्म | ५ | २१.१४ | २ | ८.६२ |
| ४. | रु. २००००० सम्म | ४ | १७.३९ | - | - |
| ५. | रु.२००००भन्दा बढी | ४ | १७.३९ | - | - |
| | जम्मा | | | २३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका नं. ६ का अनुसार यस आदिमुहानमा बसोबास गर्ने २३ माझी घरधुरीहरु मध्ये १३.०४ प्रतिशत ५०००० सम्म, ३०.४२ प्रतिशत परिवार एकलाख सम्म, २१.१४ प्रतिशत परिवारले एक लाख पचास हजार सम्म, १७.३९ प्रतिशत परिवार दुईलाख सम्म र १७.२९ प्रतिशत परिवारले दुई लाख भन्दा बढिको कारोबार गर्ने गरेको पाईयो । त्यसैगरी ५२.९४ प्रतिशत परिवारले वार्षिक ५० हजार सम्म बचत गर्दा रहेछन् भन्ने ३५.२९ प्रतिशत परिवारले १ लाख सम्म र ८.६९ प्रतिशत परिवारले १ लाख ५० हजार सम्म वचत गरेको देखिन्छ । ६ परिवार अर्थात २६.०८ प्रतिशत परिवारले कुनै वचत गरेको देखिदैन । यसरी उनीहरुले बचत नगर्नुमा अवसरको पहिचान र सदुप्रयोग नगर्नु र अत्याधिक मादक पदार्थको सेवन रहेको पाइयो । बचत नगर्ने परिवारमा असाहे बृद्ध बृद्धा मात्र रहेका परिवारहरु अत्यधिक मधिरा सेवन गरि आफ्नो परिवारको ख्याल नगर्ने पुरुष भएको परिवार र आफ्नो सिप र क्षेमतालाई पहिचान नगरि हाम्रो जीन्दगी यस्तै हो भन्ने मानसिकता भएका परिवारहरु पर्दछन् ।

## ५.२ इन्धनको प्रयोग

कुनै पनि नया वस्तु वा शक्ति उत्पादन गर्नको लागि प्रयोग गरिने कच्चा पदार्थलाई ईन्धन भनिन्छ । खाना पकाउनको लागि प्रयोग गरिने दाउरा, ग्यास, गुईठा र उज्यालोको लागि प्रयोग हुने मट्टीतेल, झारो सबैलाई इन्धनको रुपमा लिन सकिन्छ । कालीगण्डकी हाइड्रोपावर निर्माण पुर्वको अवस्थामा आदिमुहान क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण परिवारहरुले खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग गरेको पाइन्छ भने उज्यालोको लागि मट्टीतेलको प्रयोग गरेको देखिन्छ । हाईड्रोपावर निर्माण सँगै यातायातको पहुँच भए पछि यस क्षेत्रमा बसोबास गर्ने माझी समुदायका इन्धनको प्रयोगमा पविर्तन आएको पाइन्छ । यातायातको सुविधा, स्रोत साधनको पहुचमा वृद्धि र आर्थिक क्रय शक्तिको वृद्धि भएकाले परमपरागत खाना पकाउने इन्धनको प्रयोगमा परिवर्तन आए ग्यास प्रयोग गर्ने परिवार संख्या बढिरहेको देखिन्छ । उज्यालोको लागी प्रयोग हुने मट्टीतेलको स्थानमा बिद्युतको प्रयोग गरेको पाईन्छ । इन्धनको प्रयोगको अवस्थालाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ इन्धनको प्रयोग गर्ने परिवारको विवरण**

| क्र.सं. | विवरण | दाउरा प्रयोग गर्ने परिवार संख्या | ग्यास प्रयोग गर्ने परिवार संख्या | दुवै प्रयोग गर्ने | जम्मा |
|---|---|---|---|---|---|
| १. | आयोजना निर्माण पुर्व | २३ | - | - | २३ |
| २. | आयोजना निर्माण पछि | ११ | ४ | ८ | २३ |
| | प्रतिशत | ४७.८२ | १७.३९ | ३४.७८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका नं. ७ का अनुसार आयोजना निर्माण पुर्वको अवस्थामा खाना पकाउनको लागि इन्धनको रुपमा दाउराको प्रयोग गर्ने माझी परिवारहरु सत प्रतिशत रहेका थिए । भने आयोजना निर्माण भईसके पछिको अवस्थामा खाना पकाउने इन्धनको प्रयोगमा दाउरा सँग सँगै ग्यासको पनि प्रयोग भएको पाईयो । दाउराको प्रयोग मात्र गरि खाना पकाउने ४७.८२ प्रतिशत परिवार रहेका छन् भने ग्यास मात्र प्रयोग गरी खाना पकाउने १७.३९ प्रतिशत परिवार रहेका छन् । ग्यास र दाउरा दुवै प्रयोग गरी खाना पकाउने परिवार संख्या ३४.७८ प्रतिशत रहेको देखिन्छ । माझी समुदायमा दाउरा को सट्टामा ग्यासको प्रयोग हुनुमा यातायातको सुबिद्या र होटल ब्यवसाय संचालन गर्न सहज र सरल हुने भएकाले दाउराको स्थान ग्यासले ओगटेको देखिन्छ । जलविद्युत निमाण भईसके पछि सरकारले स्थानिय ब्यक्तीहरुलाई सुलभ मुल्यमा विद्युत उपलब्द्य गराएकाले उज्यालोको लागी प्रयोग हुने दियाले, मट्टीतेलको स्थान विद्युतले ओगटको देखिन्छ ।

## ५.३ जमिनमा माझी समुदायको पहुँच

आदिमुहानमा बसोबास गर्ने माझी परिवारको भूमिमा राम्रो पहुँच रहेको पाइदैन । आयोजना निर्माण पूर्वको अवस्थामा यस क्षेत्रमामाझीहरु कालिगण्डकी नदिको किनारमा अस्थाई वास निर्माण गरि बस्ने भएकोले पनि जमिनलाई महत्व दिएको पाइदैन तर वर्तमान अवस्थामा उनिहरुमा जमिनको महत्वको बारेमा ज्ञानको विकास भएको पाइन्छ ।

आदिमुहानमा बस्ने २३ माझी परिवारहरु मध्ये ४ परिवारसँग मात्र जग्गा धनि लाल पुर्जा रहेको पाइन्छ । अन्य १९ परिवारसँग जग्गा धनि लालपुर्जा रहेको पाइदैन । उनिहरुले मध्य ७ परिवारले सरकारी जग्गा अतिक्रमण गरि खेती गरेको पाइन्छ भने बाकि १२ परिवारहरु परियोजनाले प्रदान गरेको घरले ओगटेको जमिनमा सिमित रहेका छन् । यसरी खेती गरिएको वारिमा सिचाईको व्यवस्था नहुँदा वर्षमा एक वाली मात्र अन्न फलाएको पाईन्छ । माझीहरु आफुसँग रहेको जग्गालाई वा पाखो वारीलाई मकैको उत्पादन सँग तुलना गरेर १ डोके मकै वारी, दुई डोके मकै वारी गरी जग्गाको क्षेत्रफल मापन गर्ने गरेको पाईन्छ् । आयोजनाले माझीहरुको लागि निर्माण गरि हस्तान्तरण गरेका घरहरु पनि उनिहरुको नाममा दर्ता पाइदैन । घर निर्माण गरिएको स्थान गुठीको नाममा दर्ता भएकोले माझीहरुको नाममा दर्ता नभई दर्ताको लागि प्रकृयामा रहेको जानकारी पाईयो ।

## ५.४ घरको बनोट तथा संरचना

आयोजना निर्माण पुर्वको अवस्थामा सबै माझी परिवारका घरहरु कच्ची ढुङ्गा, काठ र खरको छानाद्वारा निर्माण गरिएका पाईन्छ तर आयोजनाबाट प्रभावित भए पछि उनिहरुको आवसस्थान वासको संरचनामा परिवर्तन आएको देखिन्छ । आयोजनाले प्रभावित माझि परिवारलाई दुई चरणमा घरहरु वितरण गरेको पाइन्छ । पहिलो चरणमा दुईतले कर्कट पाता अथवा टिनको छाना भएका १० परिवारलाई एकएक घरका दरले वितरण गरिएको पाइन्छ भने दोस्रो चरणमा ८ परिवारलाई ३ कोठा भएका एक तले आर.सि.सि. भएका घरहरु वितरण गरेको देखिन्छ । आयोजना निर्माणका कारण धेरै माझीहरु प्रत्यक्ष र अप्रत्यक्ष लाभान्वित र बिभिन्न अवसर प्राप्त गरेका कारण उनिहरुको आर्थिक स्तरमा वृद्धि हुन गई तीनवटा परिवारले आयोजनाले दिएको बाहेक थप एक एक घरहरु निर्माण गरेका छन् । यसरी आफ्ना क्षेमताले निर्माण गरेका घरहरुलाई आवास र व्यापारको प्रयोजनका लागि भाडामा लगाई आर्थिक आर्जन गरेको पाइन्छ ।यस क्षेत्रमा बसोवास गर्ने माझीपरिवारहरु २३ वटा भएता पनि माझी जातिका घर संख्या २६ रहेका छन् । समग्रमा यस क्षेत्रमा बसोबास गर्ने माझी परिवारको घरको संरचनात्मक विवरण यस प्रकार छ ।

## तालिका नं. ८ घरको बनोट

| क्र.सं. | घरको बनोट | घर संख्या | घरको तल्ला संख्या | | | घरको कोठा संख्या | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | जम्मा | १ | २ | ३ | ४ | ५ भन्दा बढी | |
| १. | कच्ची रवरको छाना | - | - | - | - | - | - | - | - | - | - |
| २. | कच्ची टिनको वा ढुंगाको छाना | १२ | - | १२ | १२ | - | ६ | ३ | ३ | - | १२ |
| ३. | पक्की सिमेन्टको गारो टिनको छाना | २ | - | २ | २ | - | १ | १ | - | - | २ |
| ४. | पक्की आर.सि.सि. छाना | १२ | १० | २ | १२ | - | - | १० | १ | १ | १२ |
| | जम्मा | २६ | १० | १६ | २६ | - | ६ | १४ | ४ | १ | २६ |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं. ८ का अनुसार आदिमुहानमा बसोबास गर्ने २३ परिवारका २६ बाट घर रहेका देखिन्छ । जसमा ३ वटा परिवारका दुई दुई वटा घर रहेका देखिन्छ । एक तल्ला भएका १० घर र दुई तल्ला भएका १६ वटा घरहरु रहेका छन् । २ वटा कोठा भएका घरहरुको संख्या ६, ३ वटा कोठा भएका घरको संख्या १४, ४ वटा कोठा भएका घरहरुको संख्या ४ र ५ वटा भन्दा बढी कोठा रहेका घरको संख्या १ रहेको देखिन्छ । आयोगना निर्माण पुर्वको अवस्थामा माझी परिवारका घरहरु साना एक तला, एक कोठा र खरका छाना भएका भएता पनि आयोगना निर्माण पछि त्यस्तो घरको संरचनामा पुर्णरुपमा परिवर्तन आएको देखिन्छ । जलविद्युत परियोजनाका कारण यातायात , शिक्षा , रोजगारीको अवसरको निमार्ण भयो जसले गर्दा दैनिक मानविय आवसेक्ता पुरा गर्नको लागी समाजलाई कुरी रहनु परेन । मानबिय आवश्यकता बजारले पुरा गर्न थाले पछी माझी समुदायका मानिसहरु एकल परिवारमा बस्न रुचाएको देखिन्छ । एकल परिवारको बिकासका कारण माझी समुदायको पुर्खैली रुपमा रहेको घर बनाउने सिपको हस्तान्त्रणमा कमी आएको पाईन्छ ।

# अध्याय : छ

# माझी जातिको सामाजिक तथा साँस्कृतिक अवस्था

कुनै पनि समुदायमा रहेका मानिसहरुको आ-आफ्नो सामाजिक, साँस्कृतिक पहिचान रहेका हुन्छ । ती पहिचानले नै उक्त समाजको स्तर मापन गर्न सकिन्छ । यस्तै माझी जातिको सामाजिक तथा साँस्कृतिक अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ । आदीमुहानमा बस्ने माझीहरुको सामाजिक अवस्थाका चलहरुलाई तथ्याङ्कको माध्यमबाट प्रस्तुतिकरण र विश्लेषण गरिएको छ ।

## ६.१ माझी जातिको उमेरका आधारमा पारिवारिक स्थिति

कुनै पनि स्थानमा बसोबास गर्ने व्यक्तिहरुको उमेर एक नासको हुँदैन् । कोही बालबच्चा, कोही युवा, कोही वृद्ध आदि समुहमा रहेका पाईन्छ । समाजमा आश्रित जनसंख्या र सक्रिय जनसंख्या रहेको हुन्छ । सामान्यतया आश्रित जनसंख्या भन्नाले १५ वर्ष मुनिका र ६० वर्ष माथिका उमेर समुहलाई जनाउन्छ । अआश्रित जनसंख्याले समाज परिवर्तनमा महत्वपूर्ण भुमिका खेलेको हुन्छ । यस क्षेत्रमा बसोबास गर्ने माझीहरुको उमेरका आधारमा जनसंख्या विवरण यस्तो देखिन्छ ।

तालिका नं. ९ उमेरका आधारमा जनसंख्या

| क.सं. | उमेर | महिला | | पुरुष | | जम्मा जनसंख्या | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | ०-१५ | २२ | ४१.५० | १३ | २६ | ३५ | ३३.९८ |
| २. | १६-६० | ३१ | ५८.४९ | ३४ | ६८ | ६५ | ६३.१० |
| ३. | ६१ भन्दा माथि | - | - | ३ | ६ | ३ | २.९१ |
| | जम्मा | ५३ | १०० | ५० | १०० | १०३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका नं. ९ अनुसार अध्ययन गरिएको यस क्षेत्रमा १०३ जना माझीहरुलाई उमेरको आधारमा तीनभागमा वर्गिकरण गरिएको छ । यस अध्ययन क्षेत्रमा १५ वर्ष मुनिका मानिसहरुको संख्या ३३.९८ प्रतिशत रहेको देखिन्छ भने ६० वर्ष भन्दा माथिको जनसंख्या २.९१ प्रतिशत रहेको देखिन्छ । यि दुवै उमेर समुहका मानिसलाई नेपाल सरकारले आर्थिक क्रियाकलापमा निश्क्रिय तथा आर्शित जनसंख्याको रुपमा परिभाषित गरि सकेको भए पनि यस अध्ययन क्षेत्रमा गरिबीको कारणले यी उमेर समुहका मानिसहरु पनि माछा मार्ने, ज्यालादारी पेशामा संलग्न रहेको पाइयो । त्यसै गरी १५ वर्ष देखि ६० वर्ष सम्मका उमेर समुहका मानिसको जनसंख्या ६५ अर्थात ६३.१० प्रतिशत रहेको देखिन्छ । यस उमेर समुहका मानिसहरु विशेष गरी नोकरी, ज्यालादारी, व्यापार व्यवसाय जस्ता पेशामा संलग्न रहेको पाइन्छन् । यस तालिकाबाट के स्पष्ट हुन्छ भने पुरुषको तुलनामा महिलाको जनसंख्या बढी र पुरुषको तुलनामा महिलाहरुको औसत आयु कम रहेको देखिन्छ ।

## ६.२ पारिवारिक स्थिति वा बनोट स्वरुप

पारिवारिक बनोट हेर्दा माझीको परिवार भित्र श्रीमान, श्रीमती, छोराछोरी, हजुरबुबा, हजुरआमा, बुहारी, नाति, नातिनी आदि सदस्यहरु मिलेर बसेको पाइन्छ । यस आदिमुहान क्षेत्रमा बस्ने माझीहरु तीन चार पुस्तासम्म संयुक्त परिवारमा मिलेर बस्ने गरे पनि हाल आएर एकल परिवारमा बस्न थालेका पाइन्छन् । संयुक्त परिवारमा पारिवारिक आवश्यकता पुरा गर्न गाह्रो हुने तथा व्यापार व्यवसायबाट नपुग्ने जस्ता कारणले गर्दा यहाँका माझीहरु एकल परिवारमा बस्न थालेको देखिन्छ ।

**तालिका नं. १० माझी परिवारका स्वरुपहरु**

| क.सं. | प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकल परिवार | २१ | ९१.३० |
| २. | संयुक्त परिवार | २ | ८.६९ |
| | जम्मा | २३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं. १० का अनुसार माझीहरु एकल परिवार बस्ने परिवार संख्या २१ अर्थात ९१.३० प्रतिशत रहेको देखिन्छ भने सयुंक्त परिवारमा बस्ने परिवार संख्या ८.६९ प्रतिशत मात्र देखिन्छ । संयुक्त परिवार भन्दा एकल परिवारको संख्या बढी हुनुको पछाडि संयुक्त परिवारमा समायोजन गर्न असजिलो र आर्थिक बोझ हुने महसुस गरि आफैले पैसा कमाएर आफ्नो परिवारलाई सुख दिलाउने उद्देश्य रहेको पाइन्छ ।

## ६.३ घरमुली

कुनै पनि घरमा पारिवारिक निर्णय र नियन्त्रण श्रीमान वा श्रीमती मध्ये कसको हातमा छ त्यसलाई नै त्यो घरको घरमुली ठानिन्छ । यहाँको माझीहरुको घरपरिवारमा प्रायः पुरुषहरु नै घरमुली रहेको पाइन्छ तर पनि व्यवसायमा संलग्न, नोकरीमा संलग्न भएका महिला र श्रीमान बिदेशमा रहेका महिलाहरु घरमुलीको रुपमा रहेका पाइन्छन् । घरमुली निधारणकोलागी आर्थिक आम्दानीले महत्वपुर्ण स्थान लीने गरेको देखिन्छ । केही परिवारहरुमा महिला र पुरुष दुवैले मिलेर निर्णय गर्ने भएकाले त्यस्तो परिवारलाई दुवै घरमुली रहेको परिवारमा राखिएको छ । यसलाई तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ माझी समुदायमा घरमुलीको अवस्था**

| क्र.सं. | घरमुली | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पुरुष | १३ | ५६.५२ |
| २. | महिला | ८ | ३४.७८ |
| ३. | दुवै (महिला र पुरुष) | २ | ८.६९ |
| | जम्मा | २३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं. ११ को तथ्याङ्क अनुसार २३ घरपरिवार मध्ये पुरुष घरमुली भएका घरपरिवारहरु ५६.५२ प्रतिशत रहेका छन् भने महिला घरमुली भएका घरहरु ३४.७८ प्रतिशत रहेका छन् । महिला पुरुष दुवै घरमुली भएका परिवार ८.६९ प्रतिशत रहेको देखिन्छ । महिलाको तुलनामा पुरुष घरमुली हुनुको कारणको रुपमा पुरुष नै घरपरिवारको प्रमुख सदस्य हुन्छन् भन्ने मानसिकता/मान्यता, पुरुष प्रधान समाजको सोचले कार्य गरेको र महिलाको तुलनामा पुरुषको शैक्षिक अवस्था र आर्थिक पहुच बढी भएको पाइन्छ ।

### ६.४ माझी जातिको शैक्षिक अवस्था

शिक्षा मानव सभ्यताको प्रतिक भएकोले शैक्षिक अवस्थाका आधारमा कुनै पनि जाति समाज र देशको विकासको अवस्था मापन गरिन्छ । वर्तमान सन्दर्भमा त शिक्षाको महत्व अझ बढेको छ । शिक्षा बिनाको मानव जीवन धेरै कष्टकर हुन जान्छ । शिक्षा दुई प्रकारका हुन्छन् । एक औपचारिक शिक्षा जुन स्कुल वा विद्यालयमा गएर प्राप्त गर्ने गरिन्छ भने दोस्रो अनौपचारिक शिक्षा जुन व्यवहारबाट आर्जन गर्ने गरिन्छ । यस आदिमुहानमा बसोबास गर्ने माझीहरुले हाईड्रोपावरको निर्माणका क्रममा ज्याला मजदुरी गरेर आर्थिक महत्व, स्वास्थ्य उपचार, स्वस्थ खानेपानी, चर्पिको प्रयोग सम्बन्धि ज्ञान प्राप्त गरेका देखिन्छन् । जुन अनौपचारीक शिक्षाबाट सिकेका हुन् । यसले गर्दा औपचारिक शिक्षामा बालबालिकालाई सहभागी गराउन महत्वपूर्ण भूमिका खेलेको देखियो । यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुले सामाजिक मुल्यमान्ता र आर्थिक अभावका कारणले उच्च शिक्षा प्राप्त नगरे पनि भावि पिडिलाई पढाउनुपर्छ भन्ने मान्यताको विकास भएको पाइन्छ ।

### ६.४.१ शैक्षिक स्तरको आधारमा माझी जनसंख्याको वर्गिकरण

आदीमुहानमा बसोवास गने माझीहरुमा बालबच्चाहरुलाई पढाउनु प्रर्छ भन्य मान्यताको बिकास भएको पाईन्छ । यस क्षेत्रमा बसोबस गर्ने माझी समुदायहरुले आफ्नो क्षेमता अर्थात आथिक अवस्था अनुसार सरकारी र निजी स्कुलहरुमा अध्ययन गराई रहेको पाईन्छ । कृष्णगण्डकी गा.वि.स. मा प्राथमिक विद्यालय ३, नि.मा.वि. १, मा.वि. ६, उच्च मा.वि ३ र क्यापस १ गरि जम्मा १४ वटा  शैक्षिक संस्थाहरु रहेका छन् । यि शैक्षिक संस्थाहरुबाट प्राप्त गरेका योग्यताको आधारमा साक्षर जनसंख्याको वर्गिकरण गरिएको छ ।

**तालिका नं. १२ शैक्षिक स्तरको आधारमा साक्षर माझी जनसंख्याको वर्गिकरण**

| क्र.सं. | कक्षा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | १-३ सम्म | १० | ९ | १९ | २९.२३ |
| २. | ४-७ सम्म | १० | १० | २१ | ३२.३१ |
| ३. | ८-१० सम्म | १४ | ९ | २३ | ३८.३८ |
| ४. | १० भन्दा माथि | - | २ | २ | ३.०६ |
| | जम्मा | ३४ | ३१ | ६५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं. १२ मा जम्मा ६५ जना रहेका छन् जसमा कक्षा एक देखि कक्षा ३ सम्म अध्ययन गरेका अर्थात २९.२३ प्रतिशत, कक्षा चारदेखि कक्षा सात सम्म ३२.३१ प्रतिशत जनसंख्याले अध्ययन गरेको पाईन्छ । त्यसैगरी कक्षा ८ देखि १० सम्म ३८.३८ प्रतिशत रहेका छन् भने सबै भन्दा कम १० कक्षा भन्दा माझी अध्ययन गर्ने जनसंख्या ३.०७ प्रतिशत रहेको पाइन्छ । यसरी कक्षा १० भन्दा माथिको शिक्षा आर्जन गर्ने व्यक्तिहरुको मात्र कम हुनुमा आर्थिक अभाव, सानै उमेरमा विवाह गर्ने परम्परा र एस.एल.सि. मा फेल हुनु रहेको पाइयो ।

आदीमुहानमा बसोवास गर्ने माझीहरुमा शिक्षा आर्जन गर्ने परमपराको बिकास कहिलेबाट भयो भन्ने बारेमा जानकारी प्राप्त गर्न कुन उमेरका मानिसहरु बढी शिक्षीत रहेका छन् र शिक्षित हुने मानिसहरुको बढदो क्रमलाई अध्ययन गरी निम्न अनुसार तालीका करण गर्न सकिन्छ ।

**तालिका नं. १३ उमेरका आधारमा माझी समुदायको शैक्षिक अवस्था**

| उमेर | शिक्षित | | | | निरक्षर | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | प्रतिशत | महिला | पुरुष | जम्मा | प्रतिशत |
| ४-१० | १० | १४ | १४ | १३.५९ | - | - | - | - |
| ११-२० | १४ | १६ | ३० | २९.१२ | १ | २ | ३ | २.९१ |
| २१-३० | ७ | ५ | १२ | ११.६५ | ६ | ४ | १० | ९.७१ |
| ३१-४० | २ | ४ | ६ | ५.८२ | - | ३ | ३ | २.९१ |
| ४१-५० | १ | २ | ३ | २.९१ | ६ | - | ६ | ५.८२ |
| ५१-६० | - | १ | १ | ०.९७ | - | ५ | ५ | ४.८५ |
| ६१ वर्ष माथीका | - | - | - | - | - | ३ | ३ | २.९२ |
| जम्मा | ३४ | ३२ | ६६ | ६४.०८ | १३ | १७ | ३० | २९.१२ |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका नं. १३ का आधारमा यस आदिमुहानमा बसोवास गर्ने माझी परिवाहरुका ४ वर्ष देखी १० वर्ष उमेरका सबै ब्यक्तीहरु सबै शाक्षर रहेका देखिन्छन् भने

११ वर्ष  देखि २० वर्ष उमेरका व्यक्तिहरु  २९ प्रतिसत साक्षर र २.९१ प्रतिसत  निरक्षर रहका छन् । २१ देखि ३० वर्ष उमेरका ११.६५ प्रतिशत शाक्षर रहेका छन् भने ३.३१ प्रतिशत निरक्षर रहेकाछन्  भने ३१ देखि ४० वर्ष उमेरका ५.८२ प्रतिशत शाक्षर रहेका छन् र २.९१ प्रतिशत निरक्षर रहेका छन् । त्यसैगरी ४१ देखि ५० उमेर समुहमा मानिश हरुमा ३.९१ प्रतिशत शाक्षर र ५.८२ प्रतिशत निरक्षर रहेका छन् । ५१ देखि ६० वर्ष उमेरमा ०.९७ प्रतिशत शाक्षर रहेका छन् भने ४.८५ प्रतिशत निरक्षर रहेका छन् भने ६१ वर्ष माथिका शाक्षर मानिसहरु रहेका पाईदैन्न् जसमा २.९२ प्रतिशत निरक्षर रहेका छन् । माथिको तथ्याङकमा के  देखिन्छ भने  योजना निमाण सुरु भई सकेपछिको समयका जन्मियका मानिस हरुको शाक्षरता दर वढीरहेको छ र आयोजना निमाण पुर्व अवस्थाका जन्मियका मानिसहरुको शाक्षरता प्रतिशत कम रहेको देखिन्छ । यसबाट आदिमुहानमा बसोबास गर्ने माझीहरुले आयोजना निमार्ण संगै शिक्षालाई दिएको महत्वको बारेमा जानकारी गराउछ ।  त्यसैगरी ४ वर्ष मुनिका बालबालिका ६.७९ प्रतिशत रहेका छन् ।

## ६.५ माझी समुदायको स्वास्थ्य अवस्था

आदिमुहानमा बसोबास गर्ने माझि परिवारहरु परम्परागत मुल्य मान्यतामा विश्वास गर्दै आईरहेका धामिझाक्री, तन्त्रमन्त्रमा विश्वास गर्ने जंगली जडिबुटीहरुको प्रयोग गर्ने गरेको पाइन्छ । स्वास्थ्य सम्बन्धी जानकारीको अभाव रहेको देखिन्छ तर आयोजना निर्माण पछि उनिहरुको स्वास्थ्यमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

### ६.५.१ चर्पिको प्रयोग

स्वास्थ्य वातावरण निर्माणको लागि मानव निर्मित मल मुत्रहरुलाई उचित रुपमा विसर्जन गर्नु अति आवश्यक हुन्छ । यसो नगरेमा विभिन्न प्रकारका सरुवा रोग तथा वातावरणनै दुषित बनाउने गर्दछ । कालिगण्डकी हाइड्रोपावर निर्माण पुर्वको अवस्थामा कुनै पनि परिवारले चर्पिको निर्माण र प्रयोग गरेको पाईदैन । जब आदिमुहानमा रहेका माझी परिवारलाई आयोजनाले घर र चर्पिको निर्माण गरि हस्तान्त्रण गर्‍यो त्यसपछि मात्र यहाँ चर्पिको अवधारणा विकास भएको पाइन्छ । आयोजना निर्माण पछि वा हालको अवस्थामा १८ परिवारले चर्पिको प्रयोग गरेका छन् भने ५ परिवारले चर्पिको प्रयोग गरेका छैन ।

जसमध्ये १ परिवारले चर्पिको निर्माण गरेको छैन भने ४ परिवारहरुले आयोजनाले निर्माण गरिदिएको चर्पिको मर्मत संभार नगरेकाले खुल्ला चर्पिको प्रयोग गरेको पाइयो ।

### ६.५.२ खानेपानी

आदिमुहानमा बसोबास गर्ने माझीहरु कालिगण्डकी हाइड्रोपावर आयोजना निर्माण हुनु भन्दा पहिले खोला तथा मुलको पानी प्रयोग गर्ने गरेको पाईयो । मुल र खोलाको पानी बर्षाको समयमा अत्यधिक फोहर हुने गर्दथ्यो र पानी ल्याउनको लागी समय खर्च गर्नु प्रदथ्यो तर आयोजना निर्माण पछि कालिगण्डकी हाइड्रोपावर परियोजनाले पानीको मुहानलाई व्यवस्थित रुपमा निर्माण गरि पाईपको साहेताले घर घरमा पानीको वितरण गरेकाले माझीहरुमा पानी संकलनको लागि खर्च गर्नुपर्ने समयको वचत तथा प्रदुषित पानीका कारण विभिन्न प्रकारका रोगहरुको संक्रमणबाट रोकथाम भएको पाईन्छ । अहिले सत प्रतिशत माझीहरु स्वस्थ पानीको प्रयोग गरिरहेका छन् ।

### ६.५.३ परम्परागत धामी-झाक्रीमा विश्वास

आदिमुहानमा बसोबास गर्ने माझी समुदाय आफुलाई हिन्दु धर्मालम्वी मान्ने गर्दछन् तर माझीको चिनारी नामक पुस्तकमा धनबहादुर माझी र लोकेन्द्र धर्ती मगरले माझी हिन्दु होइन र उनिहरुको तान्त्रिक धर्म हो भनेका छन् । यि दुई कुराको बिचमा बिरोधावास भएको देखिन्छ । माझीहरु परम्परागत रुपमा नै तन्त्रमन्त्रमा विश्वास गर्ने जाति हो । आदिमुहानमा बसोबास गर्ने माझीहरु  कालिगण्डकी हाइड्रोपावर योजना निमार्ण पुर्वको अवस्थामा परम्परागत धामीझाक्री र जडिबुटीमा धेरै विश्वास गर्ने गर्दथ्य तर हालको अवस्थामा विश्वास गर्नेहरुको संख्या कम हुँदै गएको पाइयो । यसलाई यसरी प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ माझी समुदायको तन्त्रमन्त्र विश्वास गर्ने अवस्था**

| क.सं. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | तन्त्रमन्त्रमा विश्वास गर्ने | ६ | २६.०८ |
| २. | तन्त्रमन्त्रमा विश्वास नगर्ने | ४ | १७.२९ |
| ३. | अलि गर्ने अलि विश्वास नगर्ने | १३ | ५६.५२ |
| | जम्मा | २३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका नं. १४ का अनुसार आदिमुहान क्षेत्रमा बसोबास गर्ने २३ परिवार मध्ये २६.०८ प्रतिशत परिवारहरु पूर्ण रुपले नै तन्त्रमन्त्रमा विश्वास गर्ने गर्दछन् भने १६.२९ प्रतिशत परिवारहरु पुर्व रुपमा विश्वास गर्दैनन् तर ५६.५२ प्रतिशतहरु केही रुपमा विश्वास गर्ने र केही रुपमा नगर्ने अर्थात उनिहरु बिरामी हुदाँ आधुनिक स्वास्थ्य उपचारका साथसाथै धामी झाक्रीलाई पनि देखाएर उपचार गर्ने गरेको पाईयो । शिक्षा, संचार, यातायात सुविधाको कारण उनिहरुको धामी झाक्री प्रतिको दृष्टिकोण परिवर्तन हुँदै आएको देखिन्छ ।

# अध्याय : सात

# सारांश र निष्कर्ष

## ७.१ सारांश

माझी एक सरल र इमान्दार जनजाति समुह हो । यिनीहरुका आफ्नै मौलिक भाषा र संस्कृति रहेको पाईन्छ । श्रीकृष्णगण्डकी गा.वि.स. वडा नं. ८ आदिमुहानमा बसोबास गर्ने माझीहरु कालिगण्डकी हाइड्रोपावर निर्माण पुर्व आदिमुहान नदिको किनारमा खरले छाएका छानाका अस्थाइ घरहरुमा बसोबास गर्दथे । हाइड्रोपावर निर्माण सुरु भए पछि परियोजनाको लागि आवसेक जग्गाको अतिक्रमण गर्दा उनिहरुलाई त्यस आदिमुहान नदिको किनारबाट उठाई केही परको गुठीको जमिनमा कालिगण्डकी हाइड्रोपावर परियोजनाले घर निर्माण गरि स्थानान्तरण गरिएको देखिन्छ । कालिगण्डकी हाइड्रोपावर परियोजनाबाट आदिमुहानमा बसोबास गर्ने १८ घर परिवारहरु विस्थापित भएका देखिन्छन् तर हाल यस क्षेत्रमा २३ घरपरिवार माझी बसोबास गरिरहेका छन् । जसमध्ये ३ परिवारहरु घर छुटिएर वा अंशवण्डा गरि नया परिवार निर्माण भएका हुन् भने २ माझी परिवार अवसरको खोजीमा बसाई सरि आएका पाइन्छन् ।

आदिमुहानमा बसोवास गर्ने माझि समुदाय एक सिमान्तकृत समुदाय हो । आफ्नो मैलिक भाषा, संस्कृति रहेको माझि समुदाय कालिगण्डकी परियोजना ले उनिहरुको रहनसहन, चालचलन, संस्कार, पेशा आदिमा प्रत्यक्षरुपमा असर पारेको पाईन्छ । समाजमा बिभिन्न किसिमका बिकास निर्माणका कार्यहरु भईरहेका हुन्छन् यसले गर्दा मानबिय आवस्यकता को सहजिकरण गर्ने गर्दछ । कालिगण्डकी परियोजनाले आदिमुहानमा बसोवास गर्ने माझी समुदायको आवस्यकता परिपुर्ती गर्दै उनिहरुको परमपरागत आवस्यकता पुर्ति गर्ने तरिकामा परिवर्तन ल्यायको छ । माझी समुदायको गैरमाझी समुदाय संगको संप्रग र अन्तरक्रिया का कारण उनिहरुमा परसंस्कृति ग्रहण गरेको देखिन्छ । माझी समुदायको परिर्वतनको मुख्य कारक तत्वको रुपमा कालीगण्डकी हाइड्रोपावर वरियोजना रहेको छ भने यसका सहायक तत्वका रुपमा यातायात, संचार, शिक्षा आदि रहेका छन् ।

यस अध्ययनमा मुख्य बिषयबस्तुको रुपमा कालीगण्डकी हाइड्रोपावर निमार्ण र माझी समुदाय को अन्तर सम्वन्धको बारेमा ब्याख्या गरियको छ । आदिमुहानमा निर्माण भएको कालीगण्डकी हाइड्रोपावरले यस क्षेत्रमा वसोवास गर्ने माझी समुदायको आर्थिक, सामाजिक, सास्कृति तत्वहरुमा असर पारेको छ कि छैन ? छ भने कस्तो प्रकारको असर पारेको छ ? यस क्षेत्रमा वसोवास गर्ने माझी समुदायमा आयको परिर्वतन को कारक कालीगण्डकी हाइड्रोपावर नै हो ? भन्ने कुराको विस्लेषण गर्नु यो अध्ययनको प्रमुख उदेश्य हो ।

कालीगण्डकी हाइड्रोपावर इ.स. १९९२ सालमा निर्माण कार्य प्रारम्भ भई इ.सं. २००२ सालमा सम्पन्न भएको देखिन्छ । हाइड्रोपावर निर्माणका क्रममा आदिमुहानमा बसोबास गर्ने माझी समुदायहरुले ज्यालादारी रोजगारको अवसर प्राप्त गरे भने केहीले आफ्नो सामान्य व्यवसाय संचालन गरेका देखिन्छन् । यसले गर्दा उनिहरुमा आर्थिक आम्दानिको विकास गर्नु पर्दछ भन्ने भावनाको विकास भयो र विस्तारै उनिहरु आफ्नो पुर्खौली पेशा माछा मार्ने छोडेर नोकरी, बैदेशिक रोजगारी, होटल, किराना, स्टिम व्यवसायमा संलग्न रहेको देखिन्छ । हाइड्रोपावरको निर्माणका क्रममा आफुहरुले अदक्ष्य जनशक्तिको रुपमा काम गर्नु परेको र निर्माण सम्पन्न भए पछि पनि केही पढे लेखेका व्यक्तिहरुले मात्र रोजगीर पाएको देखेर उनिहरुमा बालबालिकाहरुलाई शिक्षा प्रदान गर्नु पर्दछ भन्ने मान्यताको विकास भएको देखिन्छ । हाल यस क्षेत्रका सत प्रतिशत बालबालिकाहरु स्कुलको पहुचमा रहेका छन् वा स्कुल जाने गर्दछन् । यस क्षेत्रमा बसोबास गर्ने माझीहरु मध्य ११ वर्षदेखि २० वर्ष उमेर समुहका व्यक्तिहरु मध्ये ८८.२३ प्रतिशत साक्षर रहेका छन् भने मात्र ११.७६ प्रतिशत व्यक्तिहरु निरक्षर रहेका छन् । यो उमेर समुह भनेको हाइड्रोपावर निर्माण हुँदा वा भईरहेका अवस्थामा बाल्यअवस्था रहेकाले शिक्षा आर्जनको अवसर प्रभाव परेको देखिन्छ । माझी समुदायमा रहेका १०३ व्यक्तिहरु/जनसंख्या मध्ये ६४.०७ प्रतिशत  साक्षर रहेका छन् भने २९.१२ प्रतिशत  असाक्षर रहेका छन् । त्यसैगरी ४ वर्ष मुनिका नाबालकहरु ६.७९ प्रतिशत  रहेका छन् ।

आदिमुहानमा बसोबास गर्ने माझीहरुको पुर्खौली पेशा माछा मार्ने भएता पनि कालिगण्डकी हाइड्रोपावर परियोजनाको विकासका कारण उनिहरु माछा मार्ने पेशालाई छोडेर अन्य पेशा अंगाल्ने व्यक्तिहरुको संख्या बढ्दै गएको देखिन्छ । आयोजना निर्माण पुर्व सत प्रतिशत माझी परिवार माछा मार्ने कार्य गर्दथ्यो भने हाल १४ माझी परिवारका १६

व्यत्तीहरु माछा मार्ने गर्दछन् जस मध्य पनि २६.०८ प्रतिशत  माझीहरुले आफ्नो प्रयोगको लागि माछा मार्ने गर्दछन् र ३४.७८ प्रतिशत माझीहरु बिक्री गर्नकोलागी माछा मार्ने गर्दछन् तर ३९.१३ प्रतिशत  माझी परिवारहरु माछा मार्ने पेशा पुर्णरुपमा छोडेका देखिन्छ । माछा नमार्ने माझीहरु माछा खरिद गरेर भोग गर्ने गर्दछन् । हाइड्रोपावर निर्माणका कारण माछा मार्ने तरिकामा पनि परिवर्तन आएको देखिन्छ ।  हाइड्रोपावर निर्माण पुर्व माछा मार्नको लागि हातेजाल, वल्छी, दुवाली जस्ता साधनहरुको प्रयोग गर्ने गर्दथ्य तर हाइड्रोपावर निर्माण सँगै नदिमा पानीको सतह बढेकाले माछा मार्नेको लागि महाँजालको मात्र प्रयोग भएको पाइन्छ । नदिको प्राकृतिक वहावको अभावका कारण माछाको संख्यामा कमि आउनका साथै जुन आकार वा तौलको माछा प्राप्त हुन्थ्यो त्यो आकारको माछा प्राप्तिमा पनि कमि आएको देखिन्छ । माझीहरुको माछा मार्ने पुर्खौली पेशालाई संरक्षण गर्नको लागि कालिगण्डकी हाइड्रोपावर परियोजनाले वर्षेनी लाखौं माछाका भुरा उत्पादन गरी यस कालिगण्डकी नदिमा छोड्ने भएता पनि माछाको विकास र माझीहरुको पुर्खौली पेशामा संरक्षण गर्न खासै प्रभाव पारेको देखिदैन ।

माझी समुदायहरु एकै ठाउँमा झुरुप्प परेका घर निर्माण गरि बस्न रुचाउने जाति हो। यिनिहरुको समाज परम्परागत रुपमा महिला प्रदान समाज हो तर अहिले यो कुरामा परिवर्तन आएको देखिन्छ । अध्ययनका क्रममा घरमुली को रहेका छन् भन्ने सन्दर्भमा प्रश्न गर्दा ५६.५२ प्रतिशत परिवारमा पुरुष घरमुली रहेको भेटियो भने ३४.७८ प्रतिशत  घर परिवारमा महिला घरमुली रहेको पाईयो । त्यसैगरी दुवै महिला र पुरुष घरमुली हौ भन्ने परिवार संख्या ८.७३ प्रतिशत  देखिन्छ । आर्थिक आर्जनले घरमुलि निर्धारणमा महत्वपूर्ण भुमिका खेलेको देखिन्छ । आर्थिक रुपमा जुन महिला वा पुरुष बलियो छ त्यो नै घरमुली भएको अधिकांश परिवारमा देखिन्छ भने दुवै जना आर्थिक आर्जन गर्ने परिवारले दुवै घरमुली भएको दावी गरेको देखिन्छ । माझीहरु संयुक्त परिवारमा बस्न रुचाउने जाती हो तर वर्तमान अवस्थामा यस क्षेत्रमा त्यसो पाईदैन । ८.६९ प्रतिशत  मात्र परिवार संयुक्त रुपमा बसेका पाइन्छ भने ९१.३० प्रतिशत  परिवारहरु एकल परिवारको रुपमा बसोबास गरेका पाईन्छन् । हाइड्रोपावर निर्माणका कारण माझीहरु बसोबास गर्ने परम्परागत साना एकतले खरले छायका घरको ठाउँमा आयोजनाले निर्माण गरि दिएका पक्की आरसिसि र टिनको छाना भएका घरहरुमा बसोबास गर्न थालेका छन् । यसले गर्दा उनिहरुका मौलिक परम्परागत घर निर्माण गर्ने कार्य पुर्ण रुपमा लोप भएको छ ।

आदिमुहानमा कालिगण्डकी हाइड्रोपावर निर्माणका कारण माझी समुदायको स्वास्थ्यमा प्रतिकुल/सकारात्मक प्रभाव पारेको देखिन्छ । हाइड्रोपावर निर्माण पुर्व यस क्षेत्रका मानिसहरु मुल र खोलाको पानी पिउने गर्दथ्य तर आयोजनाले मुलको पानीलाई व्यवस्थित रुपमा संकलन गरि पाईपको सहायताले घर घरमा धाराको व्यवस्था गरिदिएकाले पानी प्रदुषण भई लाग्ने रोगबाट मुक्त भएका छन् । आयोजनाले घरहरुको निर्माण संग संगै चर्पिहरुको निर्माण गरिदिएकाले चर्पि प्रयोग गर्ने परम्पराको विकास भएको पाईन्छ । हाइड्रोपावर निर्माण पुर्व १०० प्रतिशत माझीहरु खुला चर्पिको प्रयोग गर्दथ्यो भने अहिले ७८.२८ प्रतिशत माझिहरु चर्पिको प्रयोग गर्ने गर्दछन् । यसले गर्दा वातावरणिय स्वास्थ्य र व्यक्तिगत स्वास्थ्यमा सुधार आएको देखिन्छ ।

माझीहरुको धर्म तान्त्रिक हो वा हिन्दु भन्ने बारेमा विद्वानहरुको मत फरक फरक रहेको पाईन्छ । उनिहरु तन्त्रमन्त्रमा विश्वास गर्ने गर्दछन् । आयोजना निर्माण पुर्वको अवस्थामा माझीहरुले तन्त्रमन्त्रमा विश्वास गरेको पाईएता पनि हाइड्रोपावर निर्माण पछि उनिहरुको आर्थिक अवस्था र शैक्षिक अवस्थामा आएको परिवर्तन कारण तन्त्रमन्त्रमा कमी आएको पाइन्छ । अहिलेको अवस्थामा यस क्षेत्रमा बसोबास गर्ने माझी परिवारहरु मध्ये २६.०८ प्रतिशत तन्त्रमन्त्रमा पुर्ण रुपमा विश्वास गर्दैनन् भने १७.२९ प्रतिशत माझीहरु तन्त्रमन्त्रमा पुर्ण रुपमा विश्वास गर्दछन् तर ५६.५२ माझीहरु आनसिक रुपमा वा केही मात्रामा मात्र विश्वास गर्दछन् । यस तथ्यबाट के भन्न सकिन्छ भने माझी तन्त्रमन्त्रबाट आधुनिक उपचार विधिमा विश्वास गर्ने दर बढी रहेको छ ।

आदिमुहान क्षेत्रमा हाइड्रोपावर परियोजनाको विकास सँगै यातायातको पनि विकास भयो जसले गर्दा यस क्षेत्रका बासिन्दाहरुको अन्य क्षेत्र (पोखरा, बुटवल) सँग प्रत्यक्ष सम्बन्ध हुन पुगेको देखिन्छ । यस क्षेत्रमा मानिसहरुको चहलपहल, आवतजावतको विकास भएकाले होटल व्यवसाय र किराना पसलको विकास भएको पाईन्छ । मानिसहरुको प्रवाहा र चहलपहल बढी भए सँगै स्थानिय स्रोत साधनको मागमा वृद्धि भएकोले मासु र दुधको परिपुर्ति गर्नको लागि स्थानिय माझी परिवारको पशुपालनमा संलग्नता बढ्दै गएको देखिन्छ । कालिगण्डकी हाइड्रोपावर परियोजना विकास पुर्व यस क्षेत्रमा बसोबास गर्ने माझी परिवार मध्ये २१.७३ प्रतिशतले मात्र पशु पाल्ने गरेको पाईन्छ भने अहिले पशुपाल्ने माझी परिवार बढेर ५२.१७ प्रतिशत पुगेको छ ।

माझीहरुले परम्परागत रुपमा अपनाउँदै आइरहेका माछा मार्ने पेशामा परिवर्तन आएको देखिन्छ । उनिहरु आफ्नो पुर्खौली पेशा छोडेर अनय पेशाहरु अंगाली रहेका देखिन्छन् । हाइड्रोपावर निर्माण हुनु पुर्व यस क्षेत्रका सत प्रतिशत माझिहरु माछा मार्ने पेशा अंगालिरहेकोमा अहिले ३३.३३ प्रतिशतमा सागुरीन पुगेको छ । हाइड्रोपावर निर्माणले दिएको अवसर र चेतनाका कारण हाल यस क्षेत्रमा बसोबास गर्ने माझीहरु मध्ये १६.६६ प्रतिशत व्यापार, १४.५८ प्रतिशत  नोकरी, ८.३३ प्रतिशत  स्टिम व्यवसाय, १८.७५ प्रतिशत बैदेशिक रोजगारी र ८.३३ प्रतिशत  ज्यालादारीमा संलग्न रहेका देखिन्छन् । विभिन्न पेशाका कारण माझी मारिवारको आर्थिक स्तरमा पनि वृद्धि भएको पाईन्छ । आयोजना निर्माण पुर्व वार्षिक आम्दानी वचत गर्ने परिवार संख्या सुन्य थियो भने हाइड्रोपावर निर्माण पछि माझी परिवारको आर्थिक स्तरमा परिवर्तन आई ५२.८२ प्रतिशत परिवारहरुले वार्षिक पचास हजार सम्म वचत गरिरहेका छन् भने ३५.२९ प्रतिशत परिवारले एक लाख सम्म वार्षिक वचत गर्दछ । त्यसैगरी ८.६९ प्रतिशत परिवारले वार्षिक एक लाख भन्दा बढी वार्षिक वचत गर्ने गर्दछ । वचत नगर्ने माझी परिवार २६.०८ प्रतिशत रहेका पाईन्छन् ।

### ७.१.१ सैद्धान्तिक बिश्लेषण

सामाजिक विकास र परिवर्तनका सम्वन्धमा उदबिकास वादी एल.एच. मोरगान र अगष्ट कोमम्टले क्रमवद्ध परिवर्तनलाई जोड दिएका छन् । उनिहरुका अनुसार मानवको बिकास परिर्वतनका कारणले भएको हो र परापुर्वकालमा मानिसहरुका कुनै प्रकारको सामाजिक संरचना थिएन् । यो क्रमिक विकास बाट हालको अवस्थामा आईपुगेको हो । यस प्रसंग आधार मान्य हो भने पनि आदिमुहानका माझी जातिको सामाजिक, आर्थिक र पेशागत बिकास क्रमिक रुपमा भएको पाईन्छ । उनिहरु माछा मारेर जीविको पार्जन गर्ने अवस्था बाट बिकास भएर वा परिर्वन भएर अहिले बिभिन्न रोजारि तथा ब्यापार ब्याबसाय पेशाहरुमा संलग्न भई जीविको पार्जन गरिरहेका छन् । माझी जातीहरु तन्त्रमन्त्रमा बिश्वास गर्दथ्य , बिरामीहुदा धामीझाक्री ,झारफुक र जडिबुट्टीको प्रयोग गर्ने गर्दथ्य तर अहिले उनिहरु आधुनिक उपचार प्रणालीलाई आत्मसात गर्दै अगी बढीरहेका छन् । उनिहरुले आफ्नो स्वस्थ स्वास्थ्यको बिकास गर्न चर्पिको प्रयोग , स्वस्थ खाने पानीको प्रयोग र स्वास्थ्य शिक्षामा राम्रो विकास गरेका छन् । यस बाट के भन्न सकिन्छ भने आदिमुहानमा बसोवास गर्ने माझीहरुमा कालिगण्डकी हाइड्रोपाव निमाणमा कारण उनिहरुमा क्रमिक

बिकास भईरहेको छ तर एल. एच. मोरगान ले आफ्नो पुष्तक Ancient society मा उलेख गरे जस्तो निश्चित चरणहरु (जंगली अवस्था, वरवर अवस्था र सभ्य अवस्था) मा छुटाउन सकिने अवस्था पाईदैन । यस क्षेत्रमा बसोवास गर्ने माझीहरु मध्य कोही अहिले पनि माछा मारेर जीविको पार्जन गर्दछन् भने कोही ब्यापार ब्यवसाय र नोकरि गरेर आफ्नो आर्थिक स्थर उच्च बनाई बिभिन्न किसिमका बिलासी सामाग्रीहरुको प्रयोग गर्न थाली सकेका छन् । त्यस कारण समग्रमा के भन्न सकिन्छ भने आदिमुहानमा बसोवास गर्ने माझी जातीहरुमा हाईड्रोपावर परियोजनाले परिवर्तन ल्यायको छ तर सबै माझीहरुमा समान किसिमले परिवर्तन आयको छैन् ।प्रत्यक माझीहरुले जुन रुपमा कालिगण्डकी हाइड्रोपाव निमाण बाट अवसरहरुको पहिचान गरेर उपयोग गरेका छन् त्यसै अनुसार उनिहरुमा परिर्वतन आएको देखिन्छ र परिवर्तनको स्थर वा तह फरक फरक रहेको पाईन्छ ।

हाईड्रोपावर निमाण पछि माझी  जातिको आर्थिक सामाजिक र पेशागत परिवर्तनमा तिब्रता आएको पाईन्छ । शम्भु कट्टेल द्धारा लिखित लेख कन्टिब्युसन नेप्लीज स्टडी मा तुम्लिनटारमा बिमानस्थलको निर्माण भएका कारण त्यस स्थानमा वसोवास गर्ने कुमाल जातीहरुमा परमपरागत माटाका भाडा बनाउने पेशा लाई परिवर्तन गरि अन्य पेशाहरु अगाल्न बाध्य बनायको र उनिहरुको सामाजीक अवस्थाका पनि प्रभाव पारेको देखिन्छ त्यसै गरि Nepal in crisis मा Picrs M. Blaikie John comeror, John comeron, Davia sedfon ले नेपालको पुर्वि क्षेत्रमा बिकास भएको पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग र महेन्द्र राजमार्गले गर्दा त्यस  क्षेत्रमा बस्ने मानिसहरुको आर्थिक संरचनामा, बजारको संरचनाका र पेशागत संरचनामा आमुल परिवर्तन आएको देखिन्छ । त्यसैगरि यस अध्ययन बाट पनि हाईड्रोपावरका कारण माझी समुदायमा सामाजिक, आर्थिक र पेशागत परिर्वतन आएको देखिन्छ । यि संम्पुर्ण बिकासमा आएका परिवर्तनले के भन्न सकिन्छ भने समाजमा हुने बिकास निर्माणका कारण समाज परिर्वतन हुने गर्दछ । तर समाजमा रहेका सबै जाती वा समुदायमा परिवर्तनको स्थर वा तिर्वता फरक फरक रहने गर्दछन् ।

## ७.२ निष्कर्ष

आदिमुहान क्षेत्रमा बसोबास गर्ने माझी जातीका मानिसहरुको आर्थिक अवस्थालाई परिवर्तन गर्नका लागी कालीगण्डकी हाईड्रोपावर निर्माणले महत्वपुर्ण भुमिका खेलेको छ । हाईड्रोपावर एक भैतिक संरचना हो । यसको बिकास देशमा विद्युत आपुर्ति गर्नको लागी भएको हो । हाईड्रोपावर निर्माण हुनु भन्दा अगाडी यस आदिमुहान क्षेत्रमा वसोबास गर्ने माझी जातीहरुको अन्य जाति वा समुदाय (ब्राह्मण, क्षेत्री, ब्यापारि सरकारि संयन्त्र आदि ) संग खासै संप्रग र अन्तरक्रियामा रहेको पाईदैन् । उनिहरु आफ्नो समाजमा जीवन निर्भाहको लागी अन्तर सम्बन्धित हुने गर्दथ्य र आफ्नो आवस्यकताको परिपुर्ति स्थानिय स्रोतसाधनबाट पुरा गर्ने गर्दथ्य । त्यो समयमा खासै यातायात र संचारको सुबिधा रहेको पाईदैन तर स.न. १९९७ पछि कालिगण्डकी हाईड्रोपावर निमाण सुरु भए संगै यस क्षेत्रको माझी जातिहरुको प्रत्यक्ष सम्बन्ध अन्य समुदायका मानिसहरु संग भएको पाईन्छ । योजना निमाण संगै यातायातको बिकास भएका कारण उनिहरु स्थानिय स्रोत साधनहरुमा पुर्ण निर्भर रहनु प्रर्ने स्थितिको अन्त्य भई उनिहरुमा बाह्य आयातित सामानहरु बाट आफ्नो आवस्यकता परिपुर्ति गर्ने परमपराको बिकास भएको पाईन्छ ।

मानव जाति वा मानव समुदायको संरचना परिवर्तनसिल हुन्छ तर समाजको परिवर्तनको दर वा मात्रा समाज अनुसार फरक फरक हुने गर्दछ । सामाजीक परिवर्तन हुनकोलागी स्थानीय स्थरमा निर्माण हुने नयाँ भैतिक संरचनाले महत्वपुर्ण भुमिका खेल्ने गर्दछ । परिवर्तनका लागी कारक तत्वको आवस्यकता पर्दछ । श्रीकृष्णगण्डकी गा.वि.स. वडा नं. ८ आदिमुहानमा बसोवास गर्ने माझी जातिको आर्थिक, सामाजिक र पेशागत परिर्वतन भएको पाईन्छ । उनिहरुमा परिवर्तन गराउने मुख्य कारक तत्वको रुपमा हाईड्रोपावर निर्माणलाई लिन सकिन्छ भने सहायक कारक तत्वको रुपमा हाईड्रोपावर निर्माण संगै बिकास भएका यातायात, रोजगारिको अवसर र अन्य समुदाय संगको प्रत्यक्ष संप्रगलाई लिन सकिन्छ ।

समग्रमा यो अध्ययनबाट के निष्कश निकाल्न सकिन्छ भने समाजमा रहेका सामाजिक आथिक जातिगत संरचनाहरु समय समयमा परिवर्तन भइरहेका हुन्छन् । यी संरचनाहलाई परिर्वतन गर्नका लागी बिभिन्न प्रकारका तत्वहरु समाजमा रहेका हुन्छन् । ती तत्वको प्रभावका कारण कुनैपनि जाती को सामाजिक संरचनामा परिर्वतन हुने गर्दछ ।

श्रीकृष्णगण्डकी गा.वि.स.वडा नं. ८ मा बसोवास गर्ने माझी जातीको सामाजीक, आर्थिक र पेशागत परिवर्तन गर्ने प्रमुख तत्वको रुपमा हाईड्रोपावर निर्माणलाई लिन सकिन्छ भने सहायक तत्वहरुको रुपमा त्यस क्षेत्रमा हाईड्रोपावरको  बिकास, यातायात सुबिधा र अन्य समुदायसंग माझी समुदायको प्रत्यक्ष संप्रगलाई लिन सकिन्छ ।

कुनै पनि जातीको सामाजीक आर्थिक पेशागत संरचनामा परिवर्तन हुनको लागी निश्चित कारकतत्वको बिकास हुनु पर्दछ जुन मानव निर्मित वा प्राकृत्तिक जेसुकै हुन सक्छन् । त्यस्ता प्रमुख कारकले अन्य परिवर्तनका सहायक कारकहरुको बिकास गर्दछन् । जस्तो यस अध्ययनमा हाईड्रोपावर निर्मित संरचना माझी जाती परिर्वतनको प्रमुख कारक हो भने यातायात बिकास र बिभिन्न समुदाय संगको प्रत्यक्ष संप्रग सहायक कारक तत्व हो जुन कालिगण्डकी हाइड्रोपावर निमाणका कारण बिकास भएका हुन । कालिगण्डकी हाइड्रोपाव निमाणले माझी  समुदायको सामाजीक, आर्थिक, पेशागत परिवर्तन गर्न महत्वपुर्ण भुमिका खेलेको छ । सगग्रमा के भन्न सकिन्छ भने समाजमा हुने संरचनात्मक बिकासले मानव जातीको आर्थिक सामाजिक र पेशागत परिर्वतन गर्ने गर्दछ ।

## सन्दर्भ सामाग्री सूची


शर्मा, जनकलाल (बि.सं.२०३९) : हाम्रो समाज एक अध्ययन : साझा प्रकाशन काठमाडौं ।

माझी, धनबहादुर (बि.सं.२०६३) : माझी जातिको संस्कार र संस्कृति : माझी विकास तथा अनुसन्धान परिषद् काठमाडौं ।

विष्ट, डोरबहादुर (बि.सं.२०७३) : सबै जातको फुलवारी : साझा प्रकाशन काठमाडौं ।

कट्टेद, प्रसाद शम्भु (बि.सं.२०००) : कन्ट्रीव्युसन टु नेप्लीज स्टडिज : भोलुम ३३, सिनास कीर्तिपुर काठमाडौं ।

भण्डारी, धनश्याम (बि.सं.२०६७) : बोटे माझीको ईतिहास प्रकाशत : नेपाल आदिवासी जनजाति माझी संघ गुल्मी ।

पोखेल, टंकमाया (बि.सं.२०६९): माझी जाति र उनीहरुको पेशागत परिवर्तन एक समाजशास्त्रीय अध्ययन : स्नातकोत्तर तहशोधपत्र त्रिभुवन विश्वविद्यालय कीर्तिपुर काठमाडौ ।

धर्तीमगर लोकेन्द्र, माझी धन बहादुर (बि.सं.२०५८) : माझी जातिको चिनारी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान जाउलाखेल, ललितपुर ।

गा.वि.स. श्रीकृष्णगण्डकी (बि.सं.२०६९) : स्याङ्जा जिल्ला गाउँ विकास समितिको वस्तु स्थिति विवरण : गाउँ विकास समितिको कार्यालय श्रीकृष्णगण्डकी, स्याङ्जा

जनगणना २०६८ : राष्ट्रिय तथ्याङ्क विभाग काठमाडौं ।

अर्याल भोजेन्द्र (बि.सं.२०६८) : सामाजिक परिवर्तन र विकासको अध्ययन : ज्ञानकुञ्ज प्रकासन किर्तिपुर,काठमाण्डौं ।

**Adhikari R. ,** 2004, socio-economic impact of micro-hydropower, a case study of neguwkola MHP of Num VDC, shankhuwa sabha District.

**Morgan L. H. ,**(1877). Ancient society, tarnsaction publicers

**Blaike P., Comeron J., and Seddon D,** (2001). *Nepal In Crisis: Growth and Stagnation at the Periphery*. Delhi: Oxford University Press.

**Rai Kavita,** (2008). the dynamics of social inequality in the kaligandaki 'A' dam project in Nepal: the politics of Patranage

**Chhatri maya**, (2oo6). kali gandaki Hydropower Project and It's Impact on the livelihoods of Bote community, Nepal center for contemporary studies (NCCS) Kathmandu Nepal .

**R.P. (2007),** Advantages of hydro generation: Resettlement of indigenous Bote (fisherman) families: A case study of Kali Gandaki 'A' hydroelectric project of Nepal, 2007, Environmental and social studies Departments, Nepal Electricity, Adwait Marg, Kathmandu.,

**Adhikari K. , Paudel D.** (2007). Reflaming livelihoods Strategies: musahar/ Bhote's changing livelihood contexts and their responses to Diveas Development interventions, 2007 Environmental Resource Institute, Kathmandu, Nepal.

# अध्ययन गर्नको लागि तयार पारिएका प्रश्नावलीहरु

१.उत्तर दाताको विवरण

नाम :

उमेर :

लिङ्ग :

२) विस्तृत विवरण :

| क.स. | नाम | उमेर | लिङ्ग | शिक्षा | पेशा | धर्म | विबाह गरेको उमेर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

३) माझीहरुको पुख्यौली पेशा के हो ?

क) माछा मार्ने ख)पशु पालन ग) व्यापार

घ) ज्याला मजदुरी ङ) अन्य

४) तपाई अहिले माछा मार्नु हुन्छ ?

क) मार्छु ख) मार्दैन

५) माछा मार्ने भएमा, मारेर के गर्नु हुन्छ ?

क) बजारमा बिक्री गर्छु ख)आफै खान्छु

६) माछा मार्ने भएमा दैनिक कति किलो माछा मार्नु हुन्छ ?

क) १के. जी. सम्म ख) २के. जी. सम्म

ग) ३ के. जी. सम्म घ) ४ भन्दा के. जी. भन्दा माथी

७) आयोजना पुर्व बढि माछा पाईन्थ्यो कि अहिले ?

क) पहिले ख) अहिले

८) माछा मार्ने तरिका (प्रविधी) परिवर्तन आयको छ ?

क) छ ख) छैन

९) माछा मार्ने तरिकामा परिवर्तन आएको भएमा

| बिवरण | आयोजना पुर्व | आयोजना निर्माण पछि |
|---|---|---|
| माछा मार्न प्रयोग हुने सामाग्रीहरु (प्रबिद्धी ) | क)<br>ख)<br>ग)<br>घ) | क)<br>ख)<br>ग)<br>घ) |

१०) तपाईले पशुहरु पाल्नु भएको छ ?

क) छु ख) छैन

११) छ भने कति वर्ष भयो पाल्न थाल्नुभएको ?

क) १वर्ष देखि     ख) ५ वर्ष देखि     ग) १० वर्ष देखि

घ) १५ वर्ष देखि     ङ) १५ वर्ष भन्दा पहिले देखि

१२) पशुहरुको संख्या

| पशुहरु | संख्या |
|---|---|
| गाई | |
| गोरु | |
| भेडा बाखा | |
| भैसी | |
| सुगुर | |

१३) पेशाका सम्वन्धमा

| बिवरण | पेशा |
|---|---|
| आयोजना निर्माण पुर्व | |
| आयोजना निर्माण पछि | |

क) माछा मार्नेख) होटल व्यावसाय  ग) बोटिङ  घ) नोकरी

ङ) ज्यालादारी  छ) खेतीपाती  ज) अन्य

१४) तपाई वार्षिक आम्दानी कति गर्नु हुन्छ ?

क) रु.५०,००० सम्म     ख)५००००–१००००० सम्मग)१०००००–१५०००० सम्म

घ)१५००००–२००००० सम्म     ङ) २००००० भन्दा  माथी

१५) वार्षिक कति बचत गर्नु हुन्छ?

क)रु.५०००० सम्म   ख)५००००–१०००००सम्म  ग)१०००००–१५००००
सम्म

घ)१५००००–२०००००सम्म       ङ) २००००० भन्दा  माथी

१६) तपाईको सवैभन्दा बढि खर्च के मा हुन्छ ?

क) खानपिनमा  ख) चाँडपर्वग) शिक्षामा घ) अन्य

१७) बचत भएको पैसा बाट कुनै नयाँ कार्य गर्नु भएको छ  ?

क) घरबनाउने कार्य    ख) जग्गा खरिद कार्य  ग) बच्चाहरुलाई उच्चशिक्षा पढाउने कार्य

घ) सवारी साधन किन्ने कार्य        ङ) अन्य कार्य

१८) तपाईको घरबाट रोजगारीको लागी बिदेश गएका छन ?

क) छ    ख) छैन

१९) छन्  भने कतिजना गएका छन ?

क) १जना  ख) २ जना   ग) ३ जना    घ) ४ जना देखि माथी

२०) कति वर्ष भयो बिदेश जानुभएको ?

क) १वर्ष ख) २ वर्ष     ग) ३ वर्ष      घ) ४ वर्ष देखि माथी

२१) हाईड्रोपावर निर्माणले तपाईको अहिलेको पेशामा सहयोग  पुगेको छ ?

क) छ      ख) छैन

२२) तपाईसंग जमिन छ कि छैन ?

क) छ    ख) छैन

२३) जमिनमा पहुच

| जमिनको बनोट | छ | छैन् |
|---|---|---|
| खेती | | |
| पाखावारी | | |
| घरवारी | | |

२४) हाईडोपावर निमाण परियोजनाले सिचाई सहयोग गरेको छ ?

क) छ   ख) छैन

२५) छ भने कस्तो प्रकारको सहयोग ?

क) आर्थिक सहयोग ख) भौतिक सामाग्रीमा सहयोग ग) दुवै

२६) खाने पानीको, स्वास्थ्य उपचार र चर्पि प्रयोगको अवस्था

| प्रकार | आयोजना निर्माण पुर्वको अवस्था | आयोजना निमार्ण पछिको अवस्था |
|---|---|---|
| खाने पानीको स्रोत | १.नदि २.पोखरी ३.कुवा ४. धारा | १.नदि २.पोखरी ३.कुवा ४. धारा |
| खानेपानीको गुणस्तर | १.राम्रो २. धेरैराम्रो ३.नराम्रो<br>४. थाहाछैन | १.राम्रो २. धेरैराम्रो ३.नराम्रो<br>४. थाहाछैन |
| चर्पिको प्रयोग | १.खुला २. कच्ची ३. पक्की | १.खुला २. कच्ची ३. पक्की |
| स्वस्थ्य उपचार | १.परमपरागत २.स्वास्थ्यचौकी ३.अस्पताल | १.परमपरागत २.स्वास्थ्यचौकी ३.अस्पताल |

२७) आयोजनाले स्वास्थ्य उपचारमा सहयोग गरेको छ ?

क) छ ख) छैन

२८) गरेको भएमा कस्तो सहयोग गरेको छ ?

क)जनचेतनामुलक कार्यक्रम ख)स्वास्थ्यचौकी भवन निर्माण

ग) औषधिको निशुल्क वितरण घ) अन्य

२९) आयोजनाले खानेपनीको पहुचमा सहयोग गरेको छ ?

क) छ ख) छैन

३०) सहयोग गरेको भए कस्तो प्रकारको सहयोग गरेको छ ?

क)आर्थिक सहयोग ख)सामाग्री प्रदान ग) दुवै

३१) इन्धनको रुपमा प्रयोग

| | खाना पकाउन | बत्ती बाल्न | रेडियो सुन्न |
|---|---|---|---|
| आयोजना निर्माण पुर्व | | | |

| | | | |
|---|---|---|---|
| आयोजना निर्माण पछि | | | |

क) दाउरा ख) मट्टीतेल ग) विद्युत

घ) गोवरग्याँस ङ) ब्याट्री

३२) तपाई यो स्थानमा बसोवास गरेको कति वर्ष भयो ?

क) १–५वर्ष ख) ६–१०वर्ष ग) ११–१५ वर्ष

घ) १६वर्ष भन्दा माथी

३३) यो स्थानमा बसाई सर्नुको कारण के थियो ?

क) आयोजनाबाट प्रभाबित भएर ख) राम्रो सुबिधाको खोजिमा

ग) ब्यापार गर्न घ) अन्य

३४) घरको वनोट वा संरचना

| | घरको वनोट | तला | कोठा |
|---|---|---|---|
| आयोजना निर्माण पुर्व | | | |
| आयोजना निमार्ण पछि | | | |

१. कच्ची खरको छाना २. कच्ची टिनको वा ढुंगाको छाना

३.पक्की (सिमेन्टको गारो) ४. पक्की आरसिसि छाना

३५) घर निर्माणमा हाईड्रोपावर योजनाले सहयोग गरेको छ ?

क) छ ख) छैन

३६) सहयोग गरेको भए कति प्रतिशत सहयोग गरेको छ ?

क)२५%सम्म ख)५०%सम्म ग)७५%सम्म

घ)१००%सम्म ङ) अन्य

३७) तपाईको घरको घरमुली को हुनुहुन्छ ।

क) महिला ख) पुरुष ग) दुबै

## अर्न्तवार्ता सम्बन्धी प्रश्नहरु

१) माझी समुदायहरु कुन कुन पेशामा संलग्न छन ?

२) माझीहरुको पुर्ख्यौली पेशा के हो ?

३) माछा मार्नेकाम माझि मात्र गर्दछन कि, गैरमाझि पनि गर्दछन?

४) माछा अहिले बढी पाइन्छन कि पहिले ? यसो हुनुको कारण के होला ?

५) पहिले र अहिले माछा मार्ने तरिकामा परिवर्तन भएको छ ? छ भने के के मा परिवर्तन भएको छ?

६) अहिले माझीहरुको चाडपर्व मनाउने तरिकामा परिवर्तन भएको छ ? छ भने के कारण होला?

७) आयोजनाले गर्दा माझीहरुको जीवनमा परिवर्तन आएको छ? छ भने के के मा परिवर्तन आएको छ ?

८) आयोजना निर्माणले गर्दा माझी समुदायले के पाए र के गुमाए जस्तो लाग्छ तपाईलाई?